# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मिथिला बिहारी नगरपालिका
## धनुषा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ३८९

मितिः २०७९।३।२०

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
मिथिला बिहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनुषा ।

**कैफियत सहितको राय**

हामीले मिथिला बिहारी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १४ करोड ३३ लाख बेरुजू देखिएकोमा प्रतिकृया, प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ६६ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ६४ लाख ७५ हजार, नियमित गर्नुपर्ने रू. ७ करोड ८२ लाख ३७ हजार र पेश्की रू. १९ लाख ४१ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. १६ करोड ८८ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३१ करोड २१ लाख ८८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# मिथिला बिहारी नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | १७९ | १४३३०० | ० | ० | ० | ५५ | १७९ | १४३३०० | ६६४७ | ७८२३७ | ५६४७५ | ० | ० | १३४७१२ | १९४१ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनुषा | १६८८८८ | ० | ० | १६८८८८ | ० | १४३३०० | ३१२१८८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मिथिला बिहारी नगरपालिका, धनुषा , मिथला बिहारी नगरपालिका , धनुषा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामदरश यादव | २०७८-५-८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | वीरेन्द्र लाल कर्ण | २०७७-४-१ | २०७८-३-३१ |
| लेखा प्रमुख | सुभाष कुमार झा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १४३,२९९,४५० |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १८,११,४३,६५६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८,८३,६१,०७० | चालु खर्च | ३६,२४,७०,०७१ |
| प्रदेश सरकारबाट अनुदान | १,७६,५५,००० | पूँजीगत खर्च | १५,०६,८९,९१४ |
| राजश्व बाँडफाँट | ७,००,९५,९३३ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | १९,७८,४१२ | | |
| अन्य आय | १,१०,६८,३३७.३५ | | |
| कुल आय | ४८,९१,५८,७५२.३५ | कुल खर्च | ५१,३१,५९,९८५ |
| बाँकी मौज्दात | | १५,७१,४२,४२३.३५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, ३७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ५२१ जनसंख्या रहेको छ । | |
| २ | | | **आर्थिक विवरण** | |

२०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती/भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४१,४३,६३,०२३.३० | ४०,१९,४५,५४४.६३ | | ४०,१९,४५,५४४.६३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४०,०१,०१,८१० | ३८,२८,५५,४१९.८८ | ० | ३८,२८,५५,४१९.८८ |
| ११००० कर | ११ | ७,६३,५९,४६० | ६,७७,६१,१८९.८८ | ० | ६,७७,६१,१८९.८८ |
| १३००० अनुदान | | ३१,५८,७२,८१० | ३१,३३,७२,८१० | ० | ३१,३३,७२,८१० |
| संघीय सरकार | १२ | २९,५७,१७,८१० | २९,५७,१७,८१० | ० | २९,५७,१७,८१० |
| प्रदेश सरकार | १२ | २,०१,५५,००० | १,७६,५५,००० | ० | १,७६,५५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४००० अन्य राजस्व | | ७८,६९,५४० | १७,२१,४२० | ० | १७,२१,४२० | |
| | | | ख. अन्य प्राप्ति | | १,४२,६१,२१३.३० | १,९०,९०,१२४.७५ | | १,९०,९०,१२४.७५ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | |
| | | | कोषहरु | | १,४२,६१,२१३.३० | १,७१,६६,९६१.७५ | ० | १,७१,६६,९६१.७५ | |
| | | | धरौटी | | ० | १९,२३,१६३ | ० | १९,२३,१६३ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५७,२२,८६,०२३.३० | ४२,२४,९२,९०१ | | ४२,२४,९२,९०१ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५,८०,२४,८१० | ४१,०५,२९,४६३ | | ४१,०५,२९,४६३ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ७,३६,४७,८१० | ६,१२,९८,०६९ | ० | ६,१२,९८,०६९ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,६४,८१,४७२ | ६,९०,४८,५६३ | ० | ६,९०,४८,५६३ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ९,४४,०६,००० | ७,८१,७४,०३४ | ० | ७,८१,७४,०३४ | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ६२,००,००० | ६१,९८,४५० | ० | ६१,९८,४५० | |
| | | | २८००० अन्य खर्च | १८ | ५,८९,१३,००० | ५,२४,०३,१३२ | ० | ५,२४,०३,१३२ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत | १८ | २२,८३,७६,५२८ | १४,३४,०७,२१५ | ० | १४,३४,०७,२१५ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खर्च | | | | | | |
| | | | घ. अन्य भूक्तानी | | १,४२,६१,२१३.३० | १,१९,६३,४३८ | | १,१९,६३,४३८ | |
| | | | कोषहरु | | १,४२,६१,२१३.३० | १,०८,९५,८९५ | ० | १,०८,९५,८९५ | |
| | | | धरौटी | | ० | १९,९८,०८७ | ० | १९,९८,०८७ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (९,३०,५४४) | | (९,३०,५४४) | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (१५,७९,२३,०००) | (२,०५,४७,३५६.३७) | | (२,०५,४७,३५६.३७) | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,०१,८८,४०६ | | १६,०१,८८,४०६ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (१५,७९,२३,०००) | १३,९६,४१,०४९.६३ | | १३,९६,४१,०४९.६३ | |
| ३ | | | **आन्तत्रिक नियन्त्रण**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक,<br>वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम<br>तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा<br>तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको<br>पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार<br>गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको<br>पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता<br>प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको<br>अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन,२०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक<br>कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको<br>जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत<br>सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला<br>सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं<br>कार्ययोजना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयहरुको आधारमा आवश्यक सुधार गर्नु स्थानीय तहको कर्तव्य हुने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आ.ले.प. प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरक्षण गर्नुपर्ने र (३) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । कानुनमा आन्तरिक लेखापरीक्षण गर्न स्थानीय तहमा आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरी नियुक्ती गर्ने व्यवस्था अनुसार यस पालिकामा आन्तरिक लेखापरीक्षक पदमा जयराम राउत कार्यरत रहेको र निजले यो वर्ष रु ४०६३४०।०० पारिश्रमिक प्राप्त गरेको देखिन्छ । निजको प्रमुख काम र कर्तव्य नै आन्तररिक लेखापरीक्षण गरी प्रतिवेदन दिनु रहेको छ । तर निजले आन्तरिक लेखापरीक्षण गरेको पाइएन । आन्तरिक लेखापरीक्षण नगरेको अवस्थामा समेत भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित गरी कानून विपरित कार्य गरेको देखियो ।यसरी आफ्नो पद अनुकुलको काम नगरेको सम्बन्धमा निजलाई कानून बमोजिम कारबाही गरी आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था मिलाउनु पर्ने रुको र अद्यावधिक भए नभएको | |
| ५ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।त्यस पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार २०७७ अषाढको अन्तमा रु १५०३७७०००।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा शुत्र सफ्टवेयरमा रु १६०१८८४०६।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ९८११४०६।०० बढी जिम्मेवारी सरेको देखाएतापनि पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा गत वर्षको जिम्मेवारी रु १८११४३६५६।०० सारेको छ । यसरी जिम्म्वारी सारेकोमा शुत्र सफ्टवेयरमा रु ९८११४०६।०० बढी र एकिकृत आय व्ययमा रु ३०७६६६५६।०० बढी जिम्मेवारी सारेको छ। यसरी बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>बैंक हिसाव मिलान नगरेको<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको बिभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । कार्यालयको श्रेष्ता अनुसार (शुत्रको 272 नं. फारम) आर्थिक वर्षको अन्तमा बाँकी मौज्दात रु १३९६४१०४९।६३ र बैंकमा २०७८ साउन १५ गते जम्मा रु १६४८८५६४५।९३ मौज्दात बाँकी रहेकोले बैंकमा रु ३०७६६६५६।०० बढी देखिएको छ। पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणामा मौज्दात रु १५७१४२४२३।३५ देखिएकोमा बैंकमा रु७७४३२२।५८ बढी मौज्दात देखिएको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>चौमासिक खर्च<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>नगरपालिका पूँजिगत</td><td>१२७११८३०७</td><td>४९८२२३४३</td><td>३१९२९९१</td><td>७४१०२९७३</td><td>६९१४४९६९</td></tr>
<tr><td>२</td><td>शसर्त पूँजिगत</td><td>५८७७९२५</td><td>१०३७३४०</td><td>४८४०५८५</td><td>५८७७९२५</td><td>१५४६२९०</td></tr>
<tr><td></td><td>कूल खर्च:</td><td>१३२९९६२३२</td><td>५०८५९६८३</td><td>८०३३५७६</td><td>७९९८०८९७</td><td>७०६९१२५९</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>३८.२४</td><td>६.०४</td><td>५५.७२</td><td>५३.१५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२५१०३०००</td><td>२०४४७०००</td><td>८१.४५</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२२७३६२०००</td><td>१७१६३५०००</td><td>७५.४८</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१४६५४३०००</td><td>८९०८७०००</td><td>६०.७९</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>४७०००००</td><td>४४६३०००</td><td>९४.९७</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१५४३१५०००</td><td>१२४८९४०००</td><td>८०.९३</td></tr>
<tr><td>जम्मा</td><td>५५८०२४०००</td><td>४१०५२९०००</td><td>७३.५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
बजेट पेश पारित र अख्तियारी<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उप प्रमुख श्री अनिता कुमारी ले २०७७।५।१६ गते रु. ५२ करोड ६३ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।५।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।६।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनमा व्यवस्था भएको भन्दा ढिला बजेट पारित भएको देखियो ।नियमानुसार समयमा वजेट पेश गरी पारित गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।मा नियमावली २०६४ को नियम ८ मा खरिदको सम्भावित प्याकेज, खरिद विधि लगायतका व्यहोरा खुलाई वार्षिक खरिद योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत शिर्षक तर्फ प्रतिस्पर्धात्मक विधि नपनाइ निम्न योजनाको काम सोझै खरिद गरि गरेको छ। एउटै वडामा रहेका विभिन्न स-साना योजनाला एउटै प्याकेज बनाई प्रतिस्पर्धा विधि अपनाई गराउन सकिनेमा सोझै टुक्रा टुक्रामा खरिद गर्ने कार्य बन्द गरी उस्तै प्रकृतिको धेरै योजनाको कामलाई उपयुक्त प्याकेज बनारई बोलपत्रको माध्यमबाट गराउनुपर्दछ।<br><br>यस सम्बन्धी विवरण अनूसूचि २ मा संलग्न छ । | |
| ११ | | | **गत वर्षको विल भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(१३) मा भुक्तानी दिन बाँकीको विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार स्थानिय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले आन्तिरक लेखापरीक्षण गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्दछ। कार्यालयले दिएको विवरण अनुसार गत वर्ष उपभोक्ता समितिसँग खरिद सम्झौता भई गत बर्षनै कार्य सम्पन्न गरेको मिति विल भरपाई पेश भएका निम्न योजनाको भुक्तानीबाँकी रहेको देखाई यो आर्थिक वर्षमा रु५५९२९७६९।०० भुक्तानी गरेकोछ । कार्यालयले काम गर्दा आर्थिक वर्षको अन्तयमा सम्झौता गरी कार्य गरेकोले भुक्तानी दिन बाँकी रहेको देखिन्छ । यो वर्ष खर्च गरेको कुल पूँजिगत खर्च रु १२७११८३०७।०० को तुलनामा गतवर्षको भुक्तानी रकम ४३.९९ प्रतिशत रहेको देखियो । कार्यालयको आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षकको पदमा जय राम राउतलाई आन्तरिक लेखापरीक्षक पदमा स्थानिय नियुक्ति भएपनि आन्तरिक लेखापरीक्षण गरेको छैन । यसरी आन्तरिक लेखापरीक्षण नभएको अवस्थामा भुक्तानी दिन बाँकी रहेको समेत यकिन गर्न सकिएन । कार्यालयले समयमै कार्य गरी आर्थिक वर्ष भित्रै सम्बन्धित आर्थिक वर्षको कामको भुक्तानी गर्नुपर्दछ।<br><br>यस सम्बन्धी विवरण अनूसूचि १ मा संलगन छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>नापी किताव पेश नभएको<br>नापी किताव पेश नभएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले माथि उल्लेखित गत वर्षको योजनाको भुक्तानी गर्दा योजनाको प्राविधिक नाप जाँच खुल्ने नापी किताव पेश नगरेकोले भएको कामको आइटमको परिमाण नियमानुसार ठिक भए नभएको यकिन गर्न सकिएन ।यसरी नापी कितावमा नाप जाँच नगरी भुक्तानी भएको रकम नियम सम्मत नभएको रु..</td><td>५५,९२९,४७९</td></tr>
<tr><td>१३</td><td>९८</td><td>२०७८-३-१७</td><td>अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान<br>शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ अन्तर्गत अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरेको छ। सोही प्रयोजनको लागि भौ.न. ९८-०७८/३/१७ बाट देहायका विद्यालयहरुलाई रु. १२९६०००।०० निकासा गरेको छ । ती विद्यालयहरुले उक्त रकमबाट के कति खर्च गरे सो को विवरण प्राप्त गरी पालिकाबाट अनुगमन नभएकोले अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान खर्च भएको छ भन्ने आधार भएन । पालिकाले अनुगमन गरी तोकिएको काममा खर्च भएको सुनिश्चित हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>श्री मा.वि. ललिया</td><td>४३२०००</td></tr>
<tr><td>२</td><td>श्री मा. वि. मिथिलेश्वर मौवाही</td><td>२१६०००</td></tr>
<tr><td>३</td><td>श्री आ.वि. सिरसिया</td><td>२१६०००</td></tr>
<tr><td>४</td><td>श्री मि. आ. वि. कचुरी</td><td>२१६०००</td></tr>
<tr><td>५</td><td>श्री पा. अ. ते. आ. वि. तारापट्टी</td><td>२१६०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२९६०००</td></tr>
</table></td><td>१,२९६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | ८७ | २०७८-३-११ | **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br>नगरपालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत २६,३७,०००।- विनियोजन भएकोमा रु. २५,०४,०००।- खर्च गरेको छ । पालिकाले टि.एस.टि. सुधार योजना कार्यान्वयनका लागि १४ ओटा विद्यालयलाई रु. २००० का दरले रु. २८०००।-, इ.जि.आर.पी. सिप विकासका लागि १४ ओटा विद्यालयलाई रु. ९००० का दरले रु. १२६०००।-, माध्यमिक विद्यालयमा साइन्स ल्याब अनुदानका लागि रु. ६५००००।- तथा उत्कृष्ट सि. उ. भएका विद्यालयलाई प्रोत्साहन अनुदान वापत रु. २०००००।- गरी ज. रा. मा. वि. परशुराम तलाउलाई रु. ८५००००।-, शिक्षण सिकाईमा आई.सि.टि. प्रयोगका लागि मा. वि. मिथिलेश्वर मौवाहीलाई रु. ६५००००।-, माध्यमिक विद्यालयमा पुस्तकालय अनुदान वापत मा. वि. ललियालाई रु. ६५००००।- र कार्यसम्पादनमा आधारित अनुदान वापत आ. वि. सिरसिया, मिथिला आ. वि. कचुरी, पा. अ. ते. आ. वि. तारापट्टी, आ. वि. अनदुपट्टीलाई रु. ५०००० का दरले रु. २०००००।- गरी जम्मा रु. २५०४०००।- निकासा पठाएको छ । विद्यालयहरुले उक्त रकमबाट सम्बन्धित कार्य गरे नगरेको सम्बन्धमा नगरपालिकाबाट अनुगमन गरी कार्यसम्पन्न गरेको खुलेको छैन । विद्यालयहरुले उक्त अनुदान रकमबाट तोकिएको कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २,५०४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>भौतिक पूर्वाधार अनुदान<br>नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार कामको प्रगतिको आधारमा निकासा दिई २०७८ आषाढमा कार्यसम्पन्न प्रतिवेदनका आधारमा पुरै निकासा दिने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयलाई भौतिक पूर्वाधार निर्माण गर्न रु ५६,५३,०००।०० अनुदान भुक्तानी गरेको छ । उक्त अनुदान खर्च गर्दा सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ को व्यवस्था अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । सो अनुसारको प्रकृया पुरा गरी विद्यालयले भौतिक पूर्वाधार निर्माण गरे नगरेको विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको पाइएन । भौतिक पूर्वाधार निर्माण गरेको प्रमाण तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>भौचर र मिति</th><th>विद्यालयको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>११९/०७८/३/२२ र</td><td rowspan="2">मा. वि. ललिया</td><td rowspan="2">२४८६०००</td></tr>
<tr><td>१३६/०७८/३/२५</td></tr>
<tr><td>१४६/०७८/३/२९</td><td>आ. वि. सिरसिया</td><td>३१६७०२७</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५६५३०२७</td></tr>
</table></td><td>५,६५३,०००</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>ओजेटी अनुदान<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार नगरपालिकाले अन द जब ट्रेनिङ्ग कार्यक्रम संचालन गर्न श्री गंगा प्रसाद माध्यमिक विद्यालयको खातामा रु. १५,००,०००।०० जम्मा गरी खर्च लेखेको छ । उक्त अनुदानबाट विद्यालयले ओजेटि संचालन गरे नगरेको प्रमाण पेश नगरेको तथा उक्त अनुदानबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट अनुदानको प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत: ओजेटि संचालनका लागि खरिद भएको सिकाई सामग्रीको विलभरपाइ तथा उक्त कार्य भएको प्रमाणित हुने प्रमाण कागजात सहित अनुगमन प्रतिवदेन पेश गर्नुपर्ने रु</td><td>१,५००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **छात्रवृत्ति**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गैर आवासीय छात्रवृतिमा पालिका स्थित १४ विद्यालयहरुलाई रु. १४,७८,०००।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएको छ । उक्त छात्रवृत्ति सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरे नगरेको वितरण गरेको भरपाई तथा उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव सम्बन्धमा नगरपालिकाबाट अनुगमन गरी मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रवृत्ति वितरण एवं प्रभावकारिता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत: छात्रवृति वितरण अवस्था र प्रभावकारीता सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| १८ | | | **पाठ्यपुस्तक**<br>नगरपालिकाले पाठ्यपुस्तकको रु. ३८,८१,०००।- सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिएकोमा निम्न विद्यालयहरुले उक्त रकमबाट पाठ्यपुस्तक खरिद गरी तोकिएका विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गरेको छैन । पाठ्यपुस्तक खरिद गरी वितरण गरेको भरपाई सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><br>क्र सं / विद्यालयको नाम / छात्रवृति रकम<br>१ / मा. वि. मिथिलेश्वर मौवाही / ६७४४०८<br>२ / गंगा प्रसाद मा. वि. ठेरा / ६०५९०९<br>जम्मा / / १२८०३१७ | १,२८०,३१७ |
| १९ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 42 र यो बर्ष थप भएको 11 गरी कुल 53 विवाद दर्ता भएकोमा 3 वटा मात्र फछ्र्यौट भई 50 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

 

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **भ्रमण खर्च**<br>१२२।०७७। ११। २६ र ३१७।०७८।३।३० भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण आदेश वेगर भ्रमण गर्न नहुने र नियम १८ मा भ्रमण विल तथा प्रतिवेदन समावेश गरेर मात्र भ्रमण खर्च भुक्तानी पाउने व्यवस्था छ । नगरपालिकाका निम्न पदाधिकारीलाई भ्रमण आदेश वेगर मासिक सुविधा सम्बन्धी विवरणमा समावेश गरी रु ७६६००।०० भुक्तानी दिएको छ। भ्रमण खर्च मासिक रुपमा प्राप्त हुने सुविधा नभएकोले उक्त रकम असुल हुनुपर्ने रु | ७६,६०० |
| २१ | | | **बैठक भत्ता**<br>३१७।०७८।३।३० सार्वजनिक खर्चको मित्तव्ययिता तथा प्रभावकारीता कायम गर्न बनेको मार्गदर्शन २०७५ को बुदा नम्बर २५ मा बैठकबसेको माइन्युट समावेश गरेर सोही आधारमा पदाधिकारी तथा कर्मचारीले वैठक भत्ता पाउने ब्यवस्था छ । नगरपालिकाले निम्न पदाधिकारीहरुलाई एकमुष्ट वैठक खर्च (पारिश्रमिक कर समेत कट्टि नगरी) रु४३६०००।०० भुक्तानी गरेकोमा माइन्युट तथा उपस्थिति देखिने प्रमाण पेश गरेको छैन । बैठकको माइन्यूट र उपस्थितिको प्रमाण पेश हुनुपर्ने तथा पारिश्रमिक कर रु 65400.00 असुल गर्नुपर्ने | ६५,४०० |

| क्र सं | पद | नाम | असुल हुनुपर्ने रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख | अनिल कुमार साह | ६८००० |
| २ | नगर उपप्रमुख | अनिता कुमारी | ५४०० |
| ३ | वडा अध्यक्ष | विन्देश्वर यादव | ३२०० |
| | जम्मा | | ७६६०० |

| पद | नाम | भुक्तानी रकम | पारिश्रमिक कर (१५%) |
|---|---|---|---|
| नगर प्रमुख | श्री अनिल कुमार यादव | ३२००० | 4800 |
| उपप्रमुख | श्री अनिता कुरारी | २६००० | 3900 |
| वडा अध्यक्ष | श्री प्रमोद कुमार मण्डल | २२५०० | 3375 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा अध्यक्ष | श्री सुरेस कुमार मण्डल | २१००० | 3150 | | |
| | | | | वडा अध्यक्ष | श्री कृष्ण कुमार बसन्त | १९५०० | 2925 | | |
| | | | | वडा अध्यक्ष | श्री महादेश यादव | २२५०० | 3375 | | |
| | | | | वडा अध्यक्ष | श्री विनोद कुमार मण्डल | २१००० | 3150 | | |
| | | | | वडा अध्यक्ष | श्री राम प्रकाश यादव | २२५०० | 3375 | | |
| | | | | वडा अध्यक्ष | श्री प्रदिप कुमार साह | २२५०० | 3375 | | |
| | | | | वडा अध्यक्ष | श्री जिवछ यादव | २२५०० | 3375 | | |
| | | | | वडा अध्यक्ष | श्री विन्देश्वर यादव | २१००० | 3150 | | |
| | | | | वडा अध्यक्ष | श्री ललित नारायण झा | १६५०० | 2475 | | |
| | | | | कार्यपालिका सदस्य | श्री राम उद्गार दास | २२५०० | 3375 | | |
| | | | | कार्यपालिका सदस्य | श्री उमेश कुमार साह | १६५०० | 2475 | | |
| | | | | कार्यपालिका सदस्य | श्री रासो देवी मण्डल | २१००० | 3150 | | |
| | | | | कार्यपालिका सदस्य | श्री रेनुदेवी रजक | २१००० | 3150 | | |
| | | | | कार्यपालिका सदस्य | श्री उर्मिला देवी महरा | १९५०० | 2925 | | |
| | | | | कार्यपालिका सदस्य | श्री मदन ठाकुर | १९५०० | 2925 | | |
| | | | | | | | 3600 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यपालिका सदस्य | श्री निलम यादव | २४००० | | | |
| | | | | कार्यपालिका सदस्य | श्री रामधारी मुखिया | २२५०० | 3375 | | |
| | | | | जम्मा | | ४३६००० | 65400 | | |
| २२ | | | **भरपाई** (२६९/07८/3/२२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विलभरपाईको आधारमा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले अपांगहरुको चौमासिक बैठक सञ्चालनगर्दा बैठक खर्च कार्यक्रम संचालिका सुनिता कुमारी यादवलाई एकमुष्ट रु ७५०००। भुक्तानी गरेको छ । उक्त वैठक भत्ताको भरपाई मा निम्न पदाधिकारी\कर्मचारीहरुलाई भत्ता बुझाएको पाइएन । नबुझाएको रकम रु ९०००।०० श्री सुनिता कुमारी यादवबाट असुल हुनुपर्ने रु... | | | | | | ९,००० |

| पद | नाम | नबुझेको रकम रु |
|---|---|---|
| नगर प्रमुख | श्री अनिल कुमार झा | १५०० |
| उपप्रमुख | श्री अनिता कुमारी साह | १५०० |
| प्र प्र अ | श्री विरेन्द्र कुमार कर्ण | १५०० |
| लेखापाल | श्री सुवास झा | १५०० |
| सह लेखापाल | श्री विमलेन्द्र यादव | १५०० |
| आलेप सहायक | श्री जयराम राउत | १५०० |
| | जम्मा | ९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा संशोधन गरी २०७७।३।३१ को राजपत्रमा सूचना प्रकाशित भए अनुसार नगरपालिकाले यो वर्ष पदाधिकारी सुविधामा रु८३६२९६०।०० खर्च गरेको छ । जसमा देखिएका व्यहोरा निम्न छन् | |
| २४ | | | **खाना तथा विविध खर्च**<br>महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या २०७४ मा विविध खर्च शेषक अन्तर्गत मनोरंजन प्रदर्शन चियापान र भज सम्बन्धी खर्चहरु तथा प्रतिनिधि कण्डलका स्वागत र अतिथि सत्कार खर्च पर्दछन् भन्ने व्यवस्था छ । यस कार्यालयले स्वीकृत कार्यक्रम उल्लेख नगरी कार्यालयका पदाधिकारी तथा कर्मचारीले खाजा खाजा खाएको भनि होटलहरुको विल समावेश गरी विविध खर्च शीर्षकमा रु २२६२८८७।०० खर्च गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा बजेट खर्च गर्दा मित्वययिता, औचित्य समेत खुलाई खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २२६२८७८।०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । सो खर्च मध्ये नगरपालिकाले निम्न आपुर्तकलाई खाना तथा खाजा खर्चको रकम रु १७८०३२०।०० भुक्तानी गर्दा कार्यालयको कके कुन कार्यक्रम, समारोहको लागि खर्च भएको हो उपस्थिति लगायतका खर्च पुष्टि हुने प्रमाण कागजात पेश गरेको छैन । उक्त खर्चको प्रयोजन खुल्ने प्रमाण पेश गर्नुपर्ने रु | १,७८०,३२० |

| भौ नं र मिति | आपुर्तक | भुक्तानी रकम रु |
|---|---|---|
| १०५।०७७।१०।१६ | इश्वर होटर र राजु मिट सप | ४८६१९५।०० |
| ६५।०७८।८।२५ | रानी स्वीट्स कर्नर | ३९३२४०।०० |
| ६३।०७७।८।२५ | पप्पु मिष्ठान भण्डार | ३३६४३५।०० |
| ५५।०७७।८।२३ | सनराइज फेमेली रेष्टुरेन्ट | २८०४७५।०० |
| १४२।०७७।१२।२५ | पप्पु मिष्ठान भण्डार | २८३९७५।०० |
| जम्मा | | १७८०३२०।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **बढी भुक्तानी**<br>९८।०७७।९।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले त्रिदेवी स्टेशनरीलाई रु ६००२०।०० युनियन अफसेट प्रेसलाई रु ३४४७।०० र युनियन प्रेसलाई रु १४८४९०।०० भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा त्रिदेवी स्टशनरीको रु ६००२०।०० को मात्र विल समावेश गरेको छ भने अन्य फर्मको विल पेश गरेको देखिएन । विल भरपाई विना भुक्तानी भएको निम्न रकम असुल हुनुपर्ने रु<br><table><tr><td>क्र सं</td><td>भुक्तानी पाउने</td><td>असुल हुनुपर्ने रु</td></tr><tr><td>१</td><td>युनियन अपसेट प्रेस</td><td>३४४७</td></tr><tr><td>२</td><td>युनियन प्रेस</td><td>१४८४९०</td></tr><tr><td></td><td>जम्मा</td><td>१५१९३७</td></tr></table> | १५१,९३७ |
| २६ | | | **घर भाडा**<br>२४७।०७८।३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७७।४।१ मा घरधनी पवित्रि साहसँग रु ५०००।०० घरभाडा दिने संझौता भएको छ । रु ५०००।०० घरभाडा दिने संझौता भए अनुसार चालु आर्थिक वर्ष (१२ महिना) को घरभाडा रु६००००।०० को बहाल कर कट्टि गरी रु ५४०००।०० भुक्तानी दिनुपर्नेमा रु २४००००।०० को बहाल कर रु२४००० कट्टि गरी रु२१६००००।०० भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रु१६२०००।०० भुक्तानी दिनेलाई जिम्मेवार बनाइ घरधनी श्री पवित्री साहबाट असुल गर्नुपर्ने रु | १६२,००० |
| २७ | | | **तलबी प्रतिवेदन**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ मा अनिवार्य रुपमा प्रत्येक वर्षको तलवी प्रतिवेदन पारीत गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारीलाई तलव भत्ता रु. १४८३८४०४।०० भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित नगराएकोले भुक्तानी भएको तलव तथा ग्रेड भिडान गर्न सकिएन । कार्यालयले अनिवार्य रुपमा तलवी प्रतिवेदन पारित गराई मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **मर्मत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन तथा अन्य मेशिनरी औजार मर्मत शीर्षकबाट रु.११९८१७३।०० खर्च लेखेकोमा मर्मत आदेश संलग्न गरेको देखिएन । साथै मर्मत अभिलेख समेत समेत राखेको छैन । कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन भने मर्मत आदेश तथा सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई नराखेकोले मर्मत खर्चको पुष्टी हुने अवस्था नदेखिएको रु. | १,१९८,१७३ |
| २९ | | | **कोभिड-१९**<br>कोभिड-१९ नियन्त्रण, व्यवस्थापनको लागि ५ वेडको अस्पताल संचालन गर्न भनि संघिय सरकारबाट रु.10 लाख प्राप्त भएकोमा करारमा नियुक्त चिकित्सक, नर्म्स र कार्यालय सहयोगी समेत ३ जनाको लागि २०७७ चैत्र देखि २०७७ आषाढसम्म ४ महिनाको पारिश्रमिक रु.352240.00 युग मेडिसिन डिष्ट्रिब्यूटर्स, जनकपुरबाट औषधि, सर्जिकल सामाग्री, सेनिटाईजर लगायत सामान खरिदमा रु.149212.00 र एस एण्ड एस जनरल अर्डर सप्लार्यस जनकपुरबाट मेट्रेस, तकिया, ब्लाङ्केट ५/५ थान र झुल, तन्ना १०/१० थान खरिद गरेको रु.83337.00 समेत रु.584789.00 खर्च लेखेको देखियो। कोभिड सम्बन्धि विरामी अस्पताल वा आइसोलेशनमा बसेको अभिलेख पेश नभएकोले औषधि तथा अन्य सामान खर्च यकिन गर्न नसकिएको रु........... | ५८४,७८९ |
| ३० | | | **विल भरपाई**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा बजेट खर्च गर्दा विलभरपाइ सहितको लेखाराख्नुपर्ने, नियम ३६(८) बमोजिम बजेट निकासा दिँदा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले देहायका व्यक्तिलाई भत्ता भनि रु १०३३९५०।०० भुक्तानी गर्दा खर्च पुष्टयाई हुने प्रमाण कागजात पेश गरेको छैन । के काम वापतको भत्ता भुक्तानी भएको हो निर्णय र कार्यसम्पादन गरेको खर्च पुष्टयाई हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुलगर्नुपर्ने रु..<br><br>सि.न. \| नाम \| पद \| भुक्तानी रकम<br>१ \| नन्दन कुमार झा \| इन्जिनियर \| २००००.००<br>२ \| सुमी कुमारी चौधरी \| \| २००००.००<br>३ \| पप्पु कुमार यादव \| \| १५००.०० | १,०३३,९५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | संजय कुमार दास | | २००००.०० | | |
| | | | | ५ | शेखर चौधरी | | २००००.०० | | |
| | | | | ६ | अखिलेश कुमार झा | | १५००.०० | | |
| | | | | ७ | प्रवेश झा | | २००००.०० | | |
| | | | | ८ | शिवशंकर शर्मा | | २००००.०० | | |
| | | | | ९ | देवेन्द्र यादव | ड्राइभर | २५४८२६.०० | | |
| | | | | १० | शैलेन्द्र कुमार मण्डल | | १०६१७७.०० | | |
| | | | | ११ | जितेन्द्र कुमार यादव | | १०६१७७.०० | | |
| | | | | १२ | सुजित कुमार मण्डल | | ६३७०६.०० | | |
| | | | | १३ | मनिष कुमार मण्डल | | ६३७०६.०० | | |
| | | | | १४ | जितेन्द्र कुमार यदाव | | ६३७०६.०० | | |
| | | | | १५ | राजिव कुमार यादव | | ६३७०६.०० | | |
| | | | | १६ | सुनिल कुमार ठाकुर | | ६८९५०.०० | | |
| | | | | १७ | जानकी अटो सेन्टर | | ४८३५१.०० | | |
| | | | | १८ | सरिता फार्मेशी | | ७१६४५.०० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | | १०३३९५०.०० | | |
| ३१ | | | **इन्धन खर्च**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुश्र को सुविधा सम्बन्धी ऐन २०७५(संशोधन २०७७) मा नगर प्रमुखलाई मासिक १२५ लिटर र १० लिटर मोविल उपलब्ध गराउने ब्यवस्था छ। नगरपालिकामा निम्न सवारी साधन रहेका छन् । ती मध्ये नगर प्रमुख र उपप्रमुखले १।१ सवारी साधन प्रयोग गर्ने र अन्य कर्मचारीहरुले मोटरसाइकल प्रयोग गर्ने गरेको पाइयो । ती सवारीहरुको लागि यो वर्ष रु१९६८४७०।०० इन्धन खर्च गरेको छ । सवारी साधनमा प्रयोग गर्ने इन्धनको कुपन तथा इन्धन विलमा सवारी साधन नम्बर उल्लेख गर्ने गरेको छैन । जस्ले गर्दा कुन सवारी साधनमा केकति इन्धन प्रयोग भएको हो ? एकीन गर्ने स्थिति छैन । सवारी साधनको लगबुक समेत राखेको पाइयन । उक्त सुविधा सम्बन्धी ऐन अनुसार नगर प्रमुख र उप प्रमुखले उपयोग गर्ने २ वटा गाडीमा वार्षिक ३००० लि डिजेल।प्रट्रोल हुने देखिन्छ भने १७ वटा मोटरसाइकलमा वार्षिक १२० लि का दरले २०४० लि प्रेट्रोल प्रयोग हुने देखिन्छ । यसबाट कुल पेट्रोल २०४० लि र डिजेल ३००० लि को २०७८ असारको प्रतिलिटर प्रेट्रोल डिजेलको क्रमश दर रु १३६ र रु ११० ले वार्षिक रु ६०७४४०।०० सम्म खर्च हुने देखिन्छ । जेसिवि टिपर र ट्राक्टरमा इन्धन खपतको अभिलेख छैनभने ती साधन प्रयोगको लगबुक समेत राखेको छैन । ती साधनबाट आय आर्जन शुन्य रहेको छ । इन्धन सम्बन्धमा छानवीन यकीन गर्नुपर्ने रु | | | | | १,९६८,४७० |

| क्र सं | सवारीको किसिम | सवारी संख्या |
|---|---|---|
| १ | डोजर | १ |
| २ | ट्याक्टर | ३ |
| ३ | गाडी | २ |
| ४ | मोटर साइकल | १७ |
| जम्मा | | २३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **छपाई तथा प्रकाशन** | १,१६२,६३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारी खर्चमा प्रभावकारिता तथा मितव्ययिता कायम गर्ने मार्गदर्शन, 2075 अनुसार सरकारी खर्चलाई किफायती गर्ने तरिका सुझाएको छ । नगरपालिकाले यो वर्ष पत्रपत्रिका तथा सूचना प्रकाशन शीर्षकबाट रु १९९९०१३।०० खर्च गरेको छ । उस्तै प्रकृतिका सूचना निकाल्न समेत पटकपटक सूचना प्रकाशन गरेको छ । बोलपत्र, सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गर्दा अनावश्यक साइजको सूचना प्रकाशन गर्ने, एउटै सूचना पत्रिकाको आधार पेश गरेको देखिएको, एकै प्रकारको सूचना एउटै पत्रिकामा २ वटा सूचना दिएको, रु १० लाखको लागत अनुमान रहेको कामको शिलबन्दी दरभाउपत्र आब्ह्वानको सूचनाको लागि रु १८६६५०।०० सम्म खर्च गरेको जस्ता अस्वाभाविक स्थिति देखिएको छ । ती सूचना प्रकाशनमा दुई तिहाइसम्म घटाउन सकिने अवस्था देखिन्छ । कार्यालयले मित्तव्ययिता तर्फ ध्यान दिएको देखिएन । उक्त खर्च सम्बन्धमा छानविन गरी यकिन हुनुपर्ने देखिएको रु | |

| भौ नं र मिति | भुक्तानी पाउनेको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|
| २९१।०७८।३।२७ | जनकपुर टुडे | सेनिटरी प्याड (रु १७२४००० ल इ भएको) खरिद गर्ने सूचना प्रकाशन गर्न | १४६४४८ |
| २७१।०७८।३।२३ | जनकपुर टुडे | करारका कर्मचारी नियुक्ति सम्बन्धि सूचना | १६८४४४ |
| | | विद्यालयको अन्तिम लेखापरीक्षण गर्ने सूचना | ६१०२० |
| | | करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना | १२२०४० |
| २५३।०७७।६।१८ | डेली एक्सप्रेश दैनिक | खानेपानी तथा सरसफाई सम्बन्धी (रु ४८७०२०४ ल इ भएको) खरिद कार्य गर्ने सूचना प्रकाशन | १६३१४३ |
| २३७।०७८।३।१६ | डेली एक्सप्रेश दैनिक | एग्री इलेक्ट्रिफिकेशन सम्बन्धी (रु ११७०२१६ ल इ भएको) खरिद कार्य गर्ने सूचना प्रकाशन | ९३२२५ |
| १८४।०७८।२।१२ | डेली एक्सप्रेश दैनिक | एम्बुलेन्स खरिद सम्बन्धी बोलपत्र सूचना | १०५९३८ |
| | | शिलबन्दी दरभाउपत्र ( ल ई १०३०००००) भएको विभिन्न कामहरु गर्न ) सूचना | १८६४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | सेवा करार सम्बन्धी सूचना | ३८९८५ | |
| | | | | | सेवा करार सम्बन्धी सूचना | ७६९४६ | |
| | | | | | जम्मा | ११६२६३९ | |
| ३३ | | | **भ्रमण प्रतिवेदन र अभिलेख**<br>**भ्रमण प्रतिवेदन र अभिलेख :** भ्रमण खर्च नियमावली, 2064 को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने तथा नियम १८(1) मा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष भ्रमण खर्च शिर्षकमा भ्रमण प्रतिवेदन लिने गरेको छैन, भ्रमण विलमा भ्रमण गर्ने तथा स्वीकृत गर्ने कर्मचारीले स्विकृत नगरेको, तथा भ्रमण अभिलेख पनि राखेको छैन । भ्रमण अभिलेख, भ्रमण विलको स्वीकृत नगरी र प्रतिवेदन नराखेको अवस्थामा खर्च पुष्टी गर्ने आधार पेश नगरी रु. ५००००० ।00 खर्च गरेको छ । यस्तो खर्चगर्दा मितव्ययिता पक्षलाई ध्यान दिई भ्रमण विल स्वीकृत गर्ने, प्रतिवेदन लिने र भ्रमण अभिलेख समेत राख्नुपर्दछ । | | | | |
| ३४ | | | **हयाण्ड पाईप खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल विजकको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई कार्यक्रम अन्र्तगत वडा नं. 9 का लाभग्राहीहरुलाई वितरण गर्न पाईप, फिटिङ्गस लगायत सामानको ४७ सेट आशिष एण्ड आश्विन जनरल अर्डर सप्लायर्स जनकपुरबाट खरिद गरी रु.1391363.00 भुक्तानी दिएको छ। ति सामानहरु वडा न. ९ का वडा अध्यक्ष विन्देश्वर यादवले बुझिलिएकोमा निजले सम्बन्धित लाभग्राहीहरुलाई बुझाएको भर्पाई पेश हुनुपर्ने तथा लाभग्राहीहरुले ति सामान जडान गरि उपयोगमा ल्याएको सम्बन्धमा कार्यसम्पन्न प्रमाण सहित अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु............ | | | | १,३९१,३६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**जिन्सी दाखिला**

आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ४६ र ४७ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. 47 खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. 52 मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको रु२०६२३०५।00 को सामान खरिद गरी उक्त सामानहरु कार्यालयको जिन्सी खातामा आम्दानी बाँधेको छैन । जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु....

<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>फर्मको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८७।०७७।९।२२</td><td>आदिम एण्ड आहिल सप्लायर्स</td><td>ल्यापटप तथा मोवाइल (१ थान) खरिद</td><td>१७१९८६</td></tr>
<tr><td>१६०।०७८।१।१५</td><td>मेहरुम इन्टरप्राइजेज</td><td>५ थान मोवाइल खरिद</td><td>२१६९२४</td></tr>
<tr><td>२९७।०७८।३।२७</td><td>मेहरुम इन्टरप्रायजेज</td><td>१ थान मोवाइल खरिद</td><td>५६०००</td></tr>
<tr><td>९५।०७७।९।२९</td><td>ललिता जेनेरल सप्लायर्स</td><td>मसलन्द तथा कार्यालय सामानहरु</td><td>१७७५९०</td></tr>
<tr><td>१५३।०७८।१।७</td><td>नेशा इन्टरप्राइजेज र साइमा इन्टरप्राइजेज</td><td>टेवल एन्टिभाइरस कार्टिज पर्दा खरिद</td><td>२२१८८१</td></tr>
<tr><td>१८७।०७८।२।१६</td><td>माला कलर प्रिन्टिङ प्रेस</td><td>४७५ थान वार्षिक योजना किताव छपाई</td><td>२६८३७५</td></tr>
<tr><td>२९५।०७८।३।२७</td><td>आइटी टेक्नोलोजी</td><td>ल्यापटप क्यामेरा स्टेपलाइजल लगायतका सामग्री खरिद</td><td>४९९७९९</td></tr>
<tr><td>२०।०७७।७।१८</td><td>सुशान्त जेनेरल स्टोर्स सप्लायर्स</td><td>नगर विकास योजना सप्टवेयर खरिद</td><td>२४९७५०</td></tr>
<tr><td>२१।०७७।७।१८</td><td>भोक्सेल इन्फोसिष्टम प्रा लि</td><td>डिजिटल नक्सा खरिद</td><td>२०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२०६२३०५</td></tr>
</table>

</td><td>२,०६२,३०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **भ्रमण खर्च**<br>अन्य कार्यालयका कर्मचारीलाई दैनिक भ्रमण भत्ता भुक्तानी: भौ.न.३४३-०७८।३।३० बाट सुचना प्रविधि लक्ष्मी नारायण यादवलाई रु.१०२८४०।० भुक्तानी भएको देखियो। उक्त स्रेस्तामा देहायका कार्यालयका कर्मचारीलाई निम्न प्रयोजनको लागि दैनिक भत्ता भुक्तानि गरेको आदेश र विल समावेश गरि भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। अन्य कार्यालयका कर्मचारीलाई पालिकाले भुक्तानी गरेको दैनिक भ्रमण भत्ता अनियमित देखिएको रु.... | ६०,१७५ |

| कर्मचारीको नाम | कार्यालय | भ्रमण गरेको स्थान र प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| प्र.ह.खेमहरी ढुंगेल | जिल्ला प्रशासन कार्यालय धनुषा | काठमाडौ/ प्रयोजन नखुलेको | १२४५५ |
| का.स.शिवचरण ठाकुर | जिल्ला प्रशासन कार्यालय धनुषा | काठमाडौ/ प्रयोजन नखुलेको | १११२० |
| क.अ.एरलिङ बाबा क्षेत्री | जिल्ला प्रशासन कार्यालय धनुषा | काठमाडौ/ प्रयोजन नखुलेको | ९५०० |
| उप-प्रमुख दिपक कुमार यादव | जिल्ला समन्वय समिति धनुषा | मिथिला विहारी/ अनुगमन कार्य | ७३०० |
| प्रमुख रामदेव बनरैत यादव | जिल्ला समन्वय समिति धनुषा | मिथिला विहारी/ अनुगमन कार्य | ७३०० |
| अ.सव.ईन्जिनियर मोहन लाल कर्ण | संघिय आयोजना कार्यान्वयन ईकाई, धनुषा | मिथिला विहारी / सर्वेको लागि | १२५०० |
| | | जम्मा | ६०१७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **करार सेवा** | |
| ३७.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ७ पदमा ३६ जना कर्मचारीहरु करारमा राखी रु. ३७४६९१५।00 खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | | | त्यसैगरी सोही ऐनको दफा 83 (8) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले स्वास्थ्य तर्फका १५ जना कर्मचारी फाजिलमा रहि काम नगरी बसेको अवस्थामा समेत अनमि पदमा ६ जना करारमा नियुक्ति गरी वर्षभरीमा रु. ६६९९६०।00 भुक्तानी अनियमित देखियो । एकातिर कर्मचारी काम नगरी बसेको अवस्था भने अर्कोतर्फ सोहि कामको लगी करारमा नियुक्ति गरी खर्च लेखेको अनियमित देखिएको रु | ६६९,९६० |
| ३८ | | | **खर्चको पुष्टयाइ**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु५०९४६७९।०० भुक्तानी गर्दा आवश्यक प्रमाण कागजात संलग्न गरेको छैन । खर्चको पुष्ट्याई हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु ... | ५,०९४,६७९ |

| भौ नं मिति | भुक्तानी पाउने | प्रयोजन /विवरण | नपुग कागजात | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७।०७७।७।२१ | हरिनारायण यादव | न्यु एन के इन्टरनश्नलबाट सुर्य लिड खरिद | दाखिला तथा जडान प्रतिवेदन | ९५००० |
| ३९।०७७।८।७ | जनकपुर स्पोर्ट सेन्टर | खेलकुद सामग्री खरिद | वित्तरण भरपाई | १००००० |
| ३३८।०७८।३।३ | गगनदेव यादव | मेयकरकप भलिवल प्रतियोगिताको पेश्की फर्स्योट | विल भरपाई | ५००००० |
| ३४६।०७८।३।३१ | सुनिता कुमारी यादव | छोरी जन्माएको प्रोत्साहन खर्चको पेश्की फर्स्योट | पेश्की फर्स्योट भएको प्रमाणित गोश्वारा भौचर तथा वितरण भरपाई | २६१००० |
| ३४५।०७८। | विना कुमारी सिंह | प्रजनन् स्वास्थ्य सम्बन्धी १ दिने | पेश्की फर्स्योट भएको प्रमाणित गोश्वारा भौचर तथा | ६०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३।३१ | | तालिमको पेश्की फर्स्यौट | विल भरपाई | | |
| | | | १०९।०७७।१०।२६ | पुजा जेनेरल स्टोर | खेलकुद सामग्री खरिद | वित्तरण भरपाई | ९९९८२ | |
| | | | ६०।०७७।८।२४ | एस एस ट्रेडर्स | खेलकुद सामग्री खरिद | वितरण भरपाई | २९९९४७ | |
| | | | ६८।०७७।९।३ | अरुण जेनरिङ मोटरसाइकल वर्कसप | मोटरसाइकल मर्मच | विल भरपाई | २७४६० | |
| | | | ७२।०७७।९।४ | लक्ष्मी मोटरसाइकल वर्कसप | मोटरसाइकल मर्मत | विल भरपाई | ९९०४६ | |
| | | | ७६।०७७।९।६ | लक्ष्मि नारायण यादव | दशै तिहार शुभकामना आदानप्रदान | कार्यक्रम कार्ययोजना, उपस्थिति माइन्युट | १००००० | |
| | | | ९२।०७७।९।२४ | कालिका कृषि सहकारी संस्था | जइको विउ वित्तरण | वितरण भरपाई | १८७९९३ | |
| | | | १०६।०७७।१०।१६ | मेहरुम इन्टरप्रायजेज | दर्ता चलानी रजिष्टर | आम्दानी खातामा आम्दानी जनाएको प्रमाण तथा प्रयोगको अवस्था खुल्ने प्रमाण | २४९७३० | |
| | | | १५०।०७८। | हरिनारायण यादव | खेलकुद सामग्री खरिद | वितरण भरपाई वा हस्तान्तरण फाराम | ९९८९९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १।६ | | | | | |
| | | | १२९।०७७।१२।८ | पासा टेक प्रा लि | वेवसाइट निर्माण | प्रयोगको अवस्था खुल्ने प्रमाण र आम्दानी बाँधेको प्रमाण | २२९३९० | |
| | | | १२५।०७७।१२।३० | उपेन्द्र यादव | शहिद स्मृति दिवश | कार्यक्रम कार्ययोजना, कार्यादिश, कार्यसम्मपन्न प्रतिवेदन | ३००००० | |
| | | | १५१।०७८।१।६ | माँ दुर्गा अपसेट प्रेस | खेलकुद सामग्रि खरिद | वितरण भरपाई वा हस्तान्तरण फाराम | २३०७५ | |
| | | | १७६।०७८।१।२८ | हरिनारायण यादव | मिथिला विहारी मन्दीर डेकोरेशन | लागत अनुमान, कार्यसम्मपन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन | ९९७७७ | |
| | | | १९०।०७८।२।२० | नखुलेको | नरैया मन्दीरको कन्टिन्जेन्सी खर्च | विल भरपाई नभएको | ८०२३० | |
| | | | २४५।०७८।३।१७ | उमेश यादव | झन्डा मेला सञ्चालन र धर्मसँस्कृति प्रवर्द्धन कार्यक्रम | कार्यक्रम कार्ययवजना, कार्यादिश, कार्यसम्पन्न प्रतिवेदन | ३४०००० | |
| | | | २४६।०७८।३।१७ | मण्डल स्पोर्ट क्लव | खेलकुद सामग्री खरिद | दाखिला तथा वित्तरण भरपाई | ३४७३९० | |
| | | | २५८।०७८।३।२० | राज कुमार मण्डल | जेष्ठ नागरिक सम्मान कार्यक्रमको साडी तथा गम्छा खरिद | वितरण भरपाई | १००००० | |
| | | | २५९।०७८।३।२२ | मुकेश कुमार महतो | धर्म संस्कृति प्रबर्द्धन कार्यक्रम | कार्यक्रम कार्ययवजना, कार्यादिश, कार्यसम्पन्न प्रतिवेदन | २००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २७७।०७८।३।२३ | कुशवाहा भेट फर्मा | पशु औषधि खरिद | आम्दानी खातामा आम्दानी नबाँधेको | ३९९९५८ |
| २९०।०७८।३।२७ | पुजा जेनेरल स्टोर | खेलकुद सामग्री खरिद | दाखिला तथा वित्तरण भरपाई | ९५२०२ |
| ३३२।०७८।३।३० | गिता एग्रो इन्टरप्राइजेज | पहुँको विउ खरिद | वित्तरण भरपाई | १८०००० |
| ३३५।०७८।३।३० | महेश खाद्य विउ भण्डार | तरकारी विउ खरिद | वितरण भरपाई | ९८८०० |
| ३४४।०७८।३।३० | जिवछ यादव | धर्म संस्कृति तथा मेला महोत्सव कार्यक्रम | कार्यक्रम कार्ययोजना, कार्यादेश तथा कार्यक्रमको प्रतिवेदन | १२०८०० |
| ३०८।०७८।३।२९ | प्रतिभा कानूनी सेवा र प्रमोद कुमार कर्ण | कानूनी परामर्श सेवा | विल भरपाई तथा प्रमाण कागजात | ३००००० |
| | | | जम्मा | ५०९४६७९ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **आन्तरिक आय** | |
| ३९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ ले सरकारी बाँकी आय असुल गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले यो वर्ष रु.१९७८४१२।०० राजश्व उठाएको छ । देहायअनुसार प्राप्त गर्नपर्ने आन्तरिक आय असुल गरी दाखिला गरेको देखिएन । आन्तरिक आय समयमै असुल गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.२ | | | नगरपालिकाले पालिकास्थित हाटबजार तथा सार्वजनिक पोखरीहरु भाडामा लगाई आन्तरिक आय संकलन गरेको पाइएन । नगरपालिका भत्र रहेका हाटबजार र पोखरीको आय संकलन गरी आयको अनुगमन समेत गर्नुपर्दछ ।<br>पालिका भित्र रहेका ऐलानी, पर्ती, सार्वजनिक जग्गाको लगत राखी आवश्यकता अनुसारको उपयोगको व्यवस्था मिलाई आय संकलन गर्नुपर्दछ । | |
| ३९.३ | | | नगरपालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख बनाई सोही अनुसार आयको लेखाङ्कन गरी साविकमा गाउँ विकास समितिका सचिवहरुले लगाएका आय ठेक्का समेत एकीन गरी आन्तरिक आय सुदृढ गर्नुपर्दछ । | |
| ३९.४ | | | नगरपालिकाले राजस्व स्रेस्ता अद्यावधिक गरी नराखेको, गोश्वरा भौचर, राजश्वको मास्केवारी तथा आर्थिक विवरण समेत बनाएको छैन । आम्दानी बाँधिएको रु १९७८४१२।०० कुन शीर्षकबाट उठाएको हो ? उठ्न बाँकी राजश्व कति छ र दाखिला गर्न बाँकी कति रहेको छ ? सोको स्पष्ट विवरण राखेको छैन । सम्बन्धितलाई जिम्मेवार बनाई राजश्व स्रेस्ता प्रणाली अद्यावधिक र व्यवस्थित बनाउनु पर्दछ । | |
| ३९.५ | | | नगर कार्यपालिकामा जेसिभी १ , टिपर १ र ट्याक्टर २ थान रहेको छन् । नगरपालिकाले यी साधन तथा औजारहरुको उपयोग गरेको देखिने लगसिट राखी आय संकलन गरेको देखिएन । त्यस्ता साधनहरु प्रयोगविहिन नराखि आय आर्जनको काममा लगाई आन्तरिक आय संकलन गर्नुपर्दछ ।यस सम्बन्धमा नगरपालिका नेतृत्वले विशेष ध्यान दिनुपर्ने देखिएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **असुली**<br>कर तथा शुल्क असुली : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति देखिने विवरण बनाएको पाइएन । लक्ष्य अनुसार आन्तरिक आय असुली गर्न अधिकतम् प्रयास गर्नुपर्दछ ।<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।<br>पालिकाभित्र रहेका इट्टा चिम्नी तथा व्यापार व्यवसायको अभिलेख एकीकृत गरी कर असुली गरेको पाइएन ।नियमानुसार आन्तरिक आय संकलनमा जोड दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br>नगरपालिकाको रसिद नियन्त्रण खाता अनुसार देहायका वडासचिवहरुले निम्न संख्यामा रसिद बुझि लिएकोमा लेखापरीक्षणको अवधि सम्म ति रसिद प्रयोग गरी संकलन गरेको राजश्व विवरण बुझाएको पाइएन । संकलित राजश्व दाखिला गरे नगरेको एकीन गरी वार्षिक १० प्रतिशतले हुने ब्याज सहित वडा सचिवबाट असुल गर्नुपर्दछ ।
<table>
<tr><th>रसिद बुझ्नेको नाम (वडा सचिव)</th><th>नगदी रसिद ठेली</th><th>मालपोत रसिद ठेली</th><th>जम्मा ठेली संख्या</th><th>कैफियत</th></tr>
<tr><td>जिवछ यादव</td><td>१४</td><td>१५</td><td>२९</td><td>वडा नं. १</td></tr>
<tr><td>चन्द्रेश्वर यादव</td><td>५</td><td>५</td><td>१०</td><td>वडा नं. 2</td></tr>
<tr><td>दुखी मण्डल</td><td>५</td><td>११</td><td>१६</td><td>वडा नं. ३</td></tr>
<tr><td>राजिब कुमार यादव</td><td>१३</td><td>१६</td><td>२९</td><td>वडा नं. 4</td></tr>
<tr><td>मुकेश कुमार महतो</td><td>८</td><td>११</td><td>१९</td><td>वडा नं. ५</td></tr>
<tr><td>उमेश यादव</td><td>१४</td><td>१०</td><td>२४</td><td>वडा नं. 7</td></tr>
<tr><td>हरिनारायण यादव</td><td>५</td><td>८</td><td>१३</td><td>वडा नं. ८</td></tr>
<tr><td>राजकुमार मण्डल</td><td>५</td><td>३</td><td>८</td><td>वडा नं. 9</td></tr>
<tr><td>हरिनारायण यादव</td><td>२</td><td>५</td><td>७</td><td>वडा नं. १०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **इमिस (IEMIS) सफ्टवेयर अनुसार निकासा**<br>कार्यालयले विद्यालयहरुलाई निकासा पठाउँदा अनिवार्य रुपमा विद्यालयहरुले इमिसमा रेकर्ड भएको विद्यार्थी संख्या तथा शिक्षक विवरण अनुसारमात्र निकासा गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई निकासा पठाउँदा इमिसलाई आधार लिएको पाइएन । इमिसको डाटाको आधारमा मात्र निकासा गर्नुपर्दछ । | |
| ४३ | | | **शिक्षक तलबी प्रतिवेदन**<br>शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार स्थानीय तहले शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित शिक्षा समन्वय इकाईबाट यकिन गर्नुपर्ने उल्लेख छ । शिक्षकहरुको तलबी प्रतिवेदन समयमै शिक्षक किताबखानाबाट पारित गराई विद्यालयको तलबी माग फाराम रुजु गरी शिक्षकको तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई रु. ५,३९,८५,८५५।- खर्च लेखेको छ । समयमै तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च गर्नुपर्ने देखिन्छ । | |
| ४४ | | | **बिद्यालयगत निकासा खाता**<br>कार्यालयले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालय गत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निकासा खाता तयार गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालायगत स्थिति स्पष्ट हुन सकेन । अत: बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ । | |
| ४५ | | | **इन्टरनेट र सियुजी सीम**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयहरुलाई इन्टरनेट जडान वापत रु. १०८०००।- र सियुजी सिम वापत रु. १४७१८७५।- गरी जम्मा रु. १५७९८७५।- अनुदान भुक्तानी गरेको छ । सम्बन्धित विद्यालयले इन्टरनेट जडान र सियुजी सिम वितरण गरेको प्रमाण लेखापरिक्षणको क्रममा पेश भएन । सम्बन्धित विद्यालयको इन्टरनेट जडान र सियुजि सिम खरिदको प्रमाण तथा वितरणको भरपाई पेश हुनु पर्ने रु. | १,५७९,८७५ |

| विद्यालयको नाम | इन्टरनेट वापत | सियुजी सिम वापत |
|---|---|---|
| पारवती अनारवती तेतरीवती आधारभुत विद्यालय तारापट्टी | १२००० | ४९८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | गंगा प्रसाद माध्यमिक विद्यालय ठेरा | - | २८३५०० | |
| | | | | जगरुप साह, रामपुकार साह मा. वि. परशुराम तलाउ | - | ३१०५०० | |
| | | | | आधारभुत विद्यालय सिरसिया | १२००० | १०३५०० | |
| | | | | जनता रा. प्रा. वि. मिथिलेश्वर | १२००० | ९३७५ | |
| | | | | माध्यमिक विद्यालय मिथिलेश्वर मौवाही | - | २५८३७५ | |
| | | | | राम जानकी प्रा. वि. कटरैत | १२००० | - | |
| | | | | जनता माध्यमिक विद्यालय कजरा रमौल | - | २०२१२५ | |
| | | | | माध्यमिक विद्यालय ललिया | - | १५२६२५ | |
| | | | | महारानी माई राष्ट्रिय प्राथमिक विद्यालय भुतही | १२००० | - | |
| | | | | मिथिला आधारभूत विद्यालय कचुरी | १२००० | ६९३७५ | |
| | | | | सहिद चन्देश्वर प्राथमिक विद्यालय मिथिलेश्वर | १२००० | - | |
| | | | | आधारभूत विद्यालय अन्दुपट्टी | १२००० | ३२६२५ | |
| | | | | जानकी प्रा. वि. कचुरी | १२००० | - | |
| | | | | जम्मा | १०८००० | १४७१८७५ | |
| | | | | कुल जम्मा | १५७९८७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले १४ ओटा विद्यालयलाई संचालन तथा व्यवस्थापन अनुदान वापत रु. २९५०००।-, एस.आई.पि., समुदाय तथा एस.एम.सी. को क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा तथा अतिरिक्त क्रियाकलाप संचालनका लागि अनुदान वापत रु. २३५०००।-, सामाजिक परीक्षण, आर्थिक लेखापरीक्षण, विधार्थी रिपोर्ट कार्ड, तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ट अनुदान वापत रु. १६५०००।-, माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा संचालन खर्च वापत रु. ६००००।- र प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामाग्री सहयोग अनुदान वापत रु. २०००००।- गरी जम्मा रु. ९५५०००।- भुक्तानी गरेको छ । सो रकम सम्बन्धित काममा प्रयोग भए नभएको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | ९५५,००० |
| ४७ | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को दफा न. ७.१ मा विद्यालयलाई दिवाखाजा अनुदान निकासा दिदा स्थानीय तहले विद्यालयको दैनिक हाजिर पुस्तिका, परीक्षामा सामेल भएको दिन समेतको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ । पहिलो निकासा रकमको सदुपयोग सुनिश्चित भएको यकिन गरी मात्र अर्को निकासा दिने व्यवस्था रहेको छ । कार्यालयले १४ विद्यालयलाई रु. २२,२०,०७५।०० दिवा खाजा रकम निकासा गरेकोमा दिवा खाजा खुवाएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रमाण पेश हुनुपर्ने रु. | २,२२०,०७५ |
| ४८ | | | **खर्चको पुष्ट्याई**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) मा कार्यालयले खर्च लेख्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार रु. १२,०४,९४३।०० खर्च लेखेकोमा खर्च पुष्ट्याई गर्ने गोश्वारा भौचर लगायत विल भर्पाइ प्रमाण लेखापरीक्षणमा पेश भएन । खर्चलाई पुष्टयाई गर्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १,२०४,९४३ |

| भौ नं र मिति | विवरण | भुक्तानी पाउनेको नाम | नपुग कागजात | रकम रु |
|---|---|---|---|---|
| ६४। ०७८।२। | उन्नत धान विउमा कृषकहरुलाई अनुदान कार्यक्रम (ललका बासमती २४८५ के.जी. र बहुगुणी-२ १००० के.जी. | हरियाली विउ उद्योग | दाखिला, बाडेको भरपाई, पेश नभएको | ३६८२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १९ | | | | | |
| | | | १५२।०७८।३।३० | सुधारिएको चुल्हो ३२ थान | इम्जिङ्ग अल्टरनेटिभ सस्टेनेव टेक्नोलोजी प्रा. लि. | दाखिला, बाडेको भरपाई | १९९२४१ | |
| | | | १५३।०७८।३।३० | सौर्य उर्जा प्रविधि तथा वायो ग्याँस जडान (सोलार ३ थान) | रिन्युएवल इनर्जी प्रोमोसन प्रा.लि. | माग फारम, दाखिला, जडान गरेको प्रमाण | ४९७५०२ | |
| | | | १५५।०७८।३।३० | २२० ए ट्युवलर बैट्री- २ थान | के. बी. इन्टरप्राइजेज | माग फारम, दाखिला र वितरण भरपाई | १४०००० | |
| | | | | १६५० भि.ए. युपिएस - १ थान | | | | |
| | | | | एल.इ.डी. भेपर वाटर प्रुफ - १ थान | | | | |
| | | | जम्मा | | | | १२०४९४३ | |
| ४९ | | | **तलबी प्रतिवेदन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख२ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अर्न्तगत स्वास्थ्यतर्फ कार्यरत ५२ जना कर्मचारीकालागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु.२६४०३७४५।०० भुक्तानी दिएको छ। तलबी प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ। | | | | | |
| ५० | 133 | २०७८-३-२२ | **बढी ग्रेड भुक्तानी** | | | | | ९३९,४३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न समयमा स्तर वृद्धि भएका कर्मचारीहरुलाई छुट ग्रेड बापतको रकम भनि देहायका बमोजिम भौ.न.113-2078/3/22 बाट रु.१८७८८६।०० भुक्तानी गरेको छ। स्रेस्ता साथ स्तर वृद्धि भएका कर्मचारीहरुको स्तरवृद्धिको निर्णय मिति, निजहरुले पत्र प्राप्त गरेको मिति र छुट ग्रेड माग गरेको निवेदन पेश भएकोले कुन मितिको छुट रकम हो सो एकिन हुन सकेन। स्तर वृद्धि भएका कर्मचारीले स्तर वृद्धिको पत्र प्राप्त गरी हाजिर भएपछि मात्र निजहरुले माथिल्लो स्तरको तलब र ग्रेड पाउने हुनाले उक्त ग्रेड बापतको भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु........... | |

| क्र.स. | कर्मचारीको नाम | तलब | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पे-स्केल | ग्रेड | जम्मा | कं.स.कोष | दशै पेश्की | जम्मा ग्रेड |
| १ | प.नि.सु.अ.सातौ संजिव कुमार यादव | 1052*12 | 12624 | 12624 | 1262 | 1052 | 14938 |
| 2 | प.नि.सु.अ.सातौ संजिव कुमार यादव | 2314*9 | 20826 | 20826 | 2083 | 2314 | 25223 |
| ३ | ज.स्वा.नि.अ.मनोज कुमार यादव | 3610*4+17 | 16485 | 16485 | 1649 | | 18134 |
| ४ | ज.स्वा.नि.अ.प्रदिप कुमार यादव | 3610*5+13 | 19614 | 19614 | 1961 | | 21575 |
| ५ | सि.अ.हे.व. अशोक कुमार यादव | 1021*12+9 | 12558 | 12558 | 1256 | 1021 | 14835 |
| ६ | सि.अ.हे.व. अशोक कुमार यादव | 1961*8+3 ग्रेड | 18508 | 18508 | 1851 | 1961 | 22320 |
| ७ | सि.अ.न.मी. रिंकु कुमारी राय | 1021*6+22दिन$ ग्रेड | 10634 | 10634 | 1063 | | 11697 |
| ८ | सि.अ.हे.व. कमल किशोर यादव | 1021*11+11दिन++1ग्रेड | 12545 | 12545 | 1255 | 1021 | 14821 |
| ९ | सि.अ.न.मी. वविता झा | 1021*12 | 12252 | 12252 | 1225 | 1021 | 14498 |
| १० | सि.अ.न.मी. वविता झा | 1961*5+4ग्रेड | 13565 | 13565 | 1357 | 1961 | 16883 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ११ | सि.अ.हे.व. मनोज कुमार शर्मा | 1021*10+19 दिन | 10856 | 10856 | 1086 | 1021 | 12963 | |
| | | | | | | जम्मा | 160467 | 160467 | 16047 | 11372 | 187886 | |
| ५१ | | | **फाजिलमा कर्मचारी**<br>पालिकामा स्वास्थ्य तर्फ ३३ कर्मचारीको दरबन्दी रहेकोमा सम्पूर्ण पदपूर्ति भएको छ। अन्य जिल्ला तथा कार्यालयबाट समायोजन भई थप १९ जना कर्मचारी पालिकामा हाजिर हुन आएकोले १९ जना नै फाजिलमा रहेको देखिन्छ। फाजिमा रहेका कर्मचारीलाई वर्षभरी तलबबापत रु.१०२७२९२४।०० भुक्तानी भएको छ। कर्मचारी फाजिलमा रहँदा रहदै कोभिड अस्पताल र बर्थिङ सेन्टरको लागि थप ८ जना कर्मचारी करार सेवाबाट नियुक्त गरेको छ। पालिकाले करार कर्मचारीलाई वर्षभरी तबलभत्ता वापत रु.२७१७७००।०० खर्च गरेको छ। दरबन्दी भन्दा बढी रहेका कर्मचारी काम विहिन अवस्थामा रहेको देखियो। ति कर्मचारीलाई रिक्त स्थानमा मिलान गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ। | | | | | | | | | |
| ५२ | | | **औषधि खरिद** | | | | | | | | | |
| ५२.१ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, तथा औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको छ । बिरामी केश रजिष्टर तया गरी औषधि वितरणको अभिलेख राखी नगरपालिका वाट अनुगमन गर्नुपर्दछ। | | | | | | | | | |
| ५२.२ | | | तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको, नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२.३ | | | १७४।०७८।१।२८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले उक्त प्रक्रिया वेगर दुर्गा फार्मेसि बाट रु. ७९८४९२।00 को औषधि सोझै खरिद गरेको छ । खरिद गरेको औषधिको वितरण भर्पाइ पेश गरेको छैन । खरिद गरेको औषधिको वितरण भर्पाइ पेश गर्नुपर्ने रु... | ७९८,४९२ |
| ५३ | | | **फेलो शिक्षक पारिश्रमिक**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न भौचरहरुबाट फेलो शिक्षकहरुको तलव खर्च रु 2210000।00 श्री टिच फर नेपाललाई भुक्तानी गरेको छ । उक्त खर्च भुक्तानी गर्दा कुन विद्यालयमा फेलो शिक्षकहरु रही काम गरेको र उक्त खर्च भएको हो ? कुन दरमा तलव भत्ता भुक्तानी गर्नुपर्ने हो खुल्ने संझौता तथा प्रमाण पेश गरेको छैन । अत संझौतापत्र, कार्यगरेको अवधि खुल्ने कागजात लगायतका खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु | २,२१०,००० |

| गोभौ र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ८९।०७७।९।२३ | फेलो शिक्षकहरुको तलव भत्ता | ८५०००० |
| २८०।०७८।३।२४ | फेलो शिक्षकहरुको तलव भत्ता | ३४०००० |
| ३०७।०७८।३।२९ | फेलो शिक्षकहरुको तलव भत्ता | १०००००० |
| जम्मा | | २२१०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>भरपाई<br>(३५१/07८/3/2८) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विलभरपाईको आधारमा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले इ गभर्मेन्ट्स सम्बन्धी तालिमको बैठक खर्च लक्ष्मिनारायण यादवलाई एकमुष्ट रु ५४५००। भुक्तानी गरेको छ । उक्त वैठक भत्ताको भरपाई मा निम्न पदाधिकारी\कर्मचारीहरुले भत्ता रु ९०००।०० बुझाएको नदेखिएकोले सो रकम लक्ष्मिनारायण यादवबाट असुल हुनुपर्ने रु...<br><table><tr><th>पद</th><th>नाम</th><th>नबुझेको रकम रु</th></tr><tr><td>नगर प्रमुख</td><td>श्री अनिल कुमार झा</td><td>१५००</td></tr><tr><td>वडा सचिव</td><td>श्री जिवछ यादव</td><td>१५००</td></tr><tr><td>वडा सचिव</td><td>श्री चन्द्रेश्वर यादव</td><td>१५००</td></tr><tr><td>वडा सचिव</td><td>श्री दुखि मण्डल</td><td>१५००</td></tr><tr><td>वडा सचिव</td><td>श्री राज कुमार मण्डल</td><td>१५००</td></tr><tr><td></td><td>जम्मा</td><td>७५००</td></tr></table></td><td>७,५००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सुत्र स्फटवेयर सँचालन<br>६७।०७७।९।३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लेखा सम्बन्धी अभिलेख राख्ने सफ्टवेयर (सुत्र) मा डाटा इन्ट्रि गर्ने सम्बन्धी काम गरेको भनि मिनि अनलाईन कम्प्युटर एण्ड सोलुसनलाई परामर्श सेवा खर्च रु४९६६३५।०० भुक्तानी दिएको छ । उक्त कार्य गर्दा दररेट तथा कार्यविधि निर्माण नगरेको र कति दिनमा उक्त कार्यसम्पन्न भएको हो सो समेत खुल्ने प्रमाण कागजात पेश भएको छैन । सूत्रमा डाटा इन्ट्रि गर्नुपर्ने जिम्मेवारी कार्यालयका लेखा शाखाका कर्मचारीको भएकोले यस्तो कार्यको लागि परामर्शदाता नियुक्त गर्न मिल्ने देखिदैन । साथै महालेखा नियन्त्रकको कार्यलयले निर्माण गरी सरकारी प्रयोजनमा प्रयोग हुने यो सफ्टवेयर निजि परामर्सदाताले प्रयोग गर्ने अख्तियारी समेत नहुने तथा तथ्याँक समेत चुहावत हुने जोखिम भएकोले उक्त खर्च अनियमित देखिएको रु</td><td>४९६,६३५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **हयाण्ड पाइप खरिद**<br>२७०।०७८।३।२३ वडा नं ९ मा खानेपानी तथा सरसफाइ शीर्षकबाट ४७ सेट हेण्ड पाइप दरिद गरी आश्वीन जेनेरल अर्डर सप्लायर्सलाई रु १३९१३६३।०० भुक्तानी गरेको छ । उक्त खरिद कार्य गर्दा सिलबन्दी दरभाउपत्रको खरिद प्रकृया अवलम्बन नगरी सोझै खरिद गरेको तथा लागत अनुमान तयार नगरेको, कार्यसम्पन्न प्रतिवेदन र जडान प्रतिवेदन समेत समावेश गरेको छैन । खर्चको पुष्ट्याइ पुग्ने प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १,३९१,३६३ |
| ५७ | | | **खर्चको पुष्टयाई**<br>४९।०७८।८।१८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्चको पुष्ट्याई पुग्ने प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सवारी साधन भाडा शीर्षकबाट सञ्जय कुमार साहलाई हेलिकप्टर भाडा रु १७००००।०० र आभाष कुमार भण्डारीलाई फुल माला खरिद वापत रु ४८०००।०० भुक्तानी गरेको छ । हेलिकप्टर भाडामा लिनुको र रु.४८०००।०० को फूलमाला खरिद गर्नु पर्नाको कारण खुल्ने कागजात तथा प्रमाण समावेश गरेको छैन । खर्चको औचित्य पुष्टि पुग्ने प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा भुक्तानी दिनेलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु | २१८,००० |
| ५८ | | | **भलिबल प्रतियोगिता** | |
| ५८.१ | | | २८७।०७८।३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्चको पुष्ट्याई पुग्ने प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७७।९।१ देखि ९।५ सम्म वडा नं ६ को सिरसिया फुलबारी टोलमा खुला भलिवल प्रतियोगिता आयोजना गर्न चालु खर्च शीर्षकबाट उमेश यादवलाई रु २०००००।०० र जिवछ यादवलाई दिएको पेश्की रु २०००००।०० फर्स्यौट तथा पुँजिगत खर्च शीर्षक अन्तर्गतको महेन्द्र यादवको घरदेखि उत्तम मंगलको घरसम्म सडक पक्की गर्ने योजनाको रु ४०००००।०० (२०७८।३।१३ को कार्यपालिकाको निर्णय बमोजिम विनियोजन) जिवछ यादवलाई सोधभर्ना भुक्तानी दिइ उक्त भलिवल प्रतियोगितामा कूल रु ८०००००।०० खर्च गरेको छ । उक्त खर्च गर्दा देखिएको ब्यहोरा निम्नानुसार छन् | |
| ५८.२ | | | भलिबल प्रतियोगिता २०७७।९।१ देखि ५ गतेसम्म संचालन भएकोमा २०७८।3।2५ मा जिवछ यादवलाई रु ४०००००।०० सोधभर्ना भुक्तानी दिएको देखियो । उक्त रकम सिधै सम्बन्धित फर्मलाई भुक्तानी नदिई कार्यक्रम सम्पन्न भएको 7 महिना पछि कर्मचारीहरुलाई भुक्तानी दिएको छ । यस्तो खर्चको विश्वसनियतामा छानविन हुनुपर्दछ रु.... | ४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८.३ | | | उक्त कार्यक्रम संचालन गर्दा कार्यक्रमको कार्ययोजना निर्माण गरेको छैन । आयोजित भलिवल प्रतियोगिताको सूचना प्रकाशन गरेको छैन । भलिवल प्रतियोगितामा कति टिम सहभागि भएका थिए टिम दर्ताको विवरण समावेश भएको छैन । कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समावेश गरेको छैन । | |
| ५८.४ | | | पुँजिगत खर्च शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च शीर्षकमा रकमान्तर गरी रु.४००००००।०० गरेको खर्च गरिएको छ। उक्त खर्च नियमित नदेखिएको रु | ४००,००० |
| ५८.५ | | | भलिवल प्रतियोगिता आयोजना भएकोमा इजि इन्टरप्राइजेजाट रु१३२१९८।०० को क्रिकेट सामग्री खरिद गरेको भनि भुक्तानी दिएको छ । उक्त रकम असुल हुनुपर्ने रु | १३२,१९८ |
| ५९ | | | **पम्पसेट खरिद** | |
| ५९.१ | | | जडान खर्च: सार्वजनिक खरिद नियमावली,2064 को नियम 84 (१) मा स्विकृत कार्यक्रम र खरिद योजना अनुसार बिस लाख रुपैया सम्म लागत अनुमान भएको मालसमान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दि दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले साना व्यवसायी (पकेट) कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन अन्तर्गत पम्पसेट खरिद नियमावली अनुसार सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्नेमा रु. 5 लाख नकट्ने गरी २ टुक्रामा विभाजन गरी तिनवटा खुला दररेट माग गरी रु.779834.00 मूल्यको स्यालो ट्युवेल सम्बन्धी सामान सोझै खरिद गरेको छ। उक्त पम्पसेट खरिद पश्चात जिन्सी दाखिला नभएको र कहाँ जडान गरिएको हो सो खुल्ने कार्य सम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश भएको छैन। यसरी नियम विपरित सोझै खरिद गरेको र जडानको प्रमाण पेश समेत नभएकोले उक्त खर्च अनियमित देखिएको रु..... | ७७९,८३४ |

| भौ.न./मिति | आपूर्तकको नाम | थान | भुक्तानी रकम |
|---|---|---|---|
| 163-2078/3/30 | कृषि ट्रेर्डस, धनुषा | १ थान | 396584 |
| 165-2078/3/30 | सुप्रिया ईन्टरप्राईजेज, जनकपुरधाम | १ थान | 383250 |
| | | जम्मा | 779,834.00 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली,2064 को नियम 84 (१) मा स्विकृत कार्यक्रम र खरिद योजना अनुसार बिस लाख रुपैया सम्म लागत अनुमान भएको मालसमान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दि दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले साना व्यवसायी (पकेट) कृषि उत्पादन केन्द्र विकास कार्यक्रम संचालन अन्तर्गत पम्पसेट खरिद नियमावली अनुसार सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्नेमा रु. 5 लाख नकट्ने गरी २ टुक्रामा विभाजन गरी तिनवटा खुला दररेट माग गरी रु.779834.00 मूल्यको स्यालो ट्युवेल सम्बन्धी सामान सोझै खरिद गरेको छ। उक्त पम्पसेट खरिद पश्चात जिन्सी दाखिला नभएको र कहाँ जडान गरिएको हो सो खुल्ने कार्य सम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश भएको छैन। यसरी नियम विपरित सोझै खरिद गरेको र जडानको प्रमाण पेश समेत नभएकोले उक्त खर्च अनियमित देखिएको रु.....
<table>
<tr><th>भौ.न./मिति</th><th>आपूर्तकको नाम</th><th>थान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>163-2078/3/30</td><td>कृषि ट्रेर्डस, धनुषा</td><td>१ थान</td><td>396584</td></tr>
<tr><td>165-2078/3/30</td><td>सुप्रिया ईन्टरप्राईजेज, जनकपुरधाम</td><td>१ थान</td><td>383250</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>779,834.00</td></tr>
</table></td><td>७७९,८३४</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>खर्चको पुष्टाई<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। तर पालिकाले देहायका भौ.न. बाट खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि गर्ने प्रमाण कागजात तथा विलभरपाई वेगर खर्च लेखेकोले खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु...........
<table>
<tr><th>भौ.नं./ मिति</th><th>भुक्तानी पाउने</th><th>प्रयोजन</th><th>नपुग कागजात</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>140-2078/3/27</td><td>स्टार कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्स</td><td>प्रिन्टर खरिद</td><td>माग फाराम तथा मूल जिन्सी खातामा आम्दानी नबाँधेको</td><td>49000</td></tr>
<tr><td></td><td>एस एण्ड एस जेनरल</td><td>मसलन्द तथा स्टेसनरी सामान खरिद</td><td>खरिद आदेश, जिन्सी दाखिला नभएको</td><td>70003</td></tr>
</table></td><td>१,४४७,४०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अर्डर सप्लार्यस | | | | |
| | | | | कविर जेनरल अर्डर सप्लार्यस | ७० थान ब्याग खरिद | वितरणको भरपाई नभएको | 180743 | |
| | | | 65-2078/2/19 | गिता एग्रोभेट ईन्टरप्राईजेज | पकेट विकास कार्यक्रम अन्तर्गत 600 के.जि.मुँगको विउ खरिद | वितरणको भरपाई नभएको | 198600 | |
| | | | 167-2078/3/30 | किसान ईन्टरप्राईजेज | ११४ बोरा जैविक मल खरिद | वितरणको भरपाई नभएको | 399000 | |
| | | | 168-2078/3/30 | महेश खाद्य विउ भण्डार | ३६ थान स्प्रेयर र जाईम खरिद | विरतणको भरपाई नभएको | 359100 | |
| | | | 169-2078/3/30 | महेश खाद्य विउ भण्डार | १२८ पिस भिटामिन तथा विषादी खरिद | वितरणको भरपाई नभएको | 63466 | |
| | | | 121-2078/3/22 | कुशवाहा भेट फर्मा | बहुक्षेत्रिय पोषण अर्न्तगत दुहुना पशुको लागि ३० के.जि.क्याल्सियम र मिनिरल खरिद | वितरणको भरपाई नभएको | 74950 | |
| | | | 11-2078/3/3 | डायमण्ड अफसेट प्रिन्टर्स | कोरोनामुलक सन्देश फ्लेक्स प्रिन्ट छपाई गरेको | जिन्सीमा आम्दानी नबाँधेको तथा वितरणको भरपाई नभएको | 52545 | |
| | | | | | | जम्मा | 1447407 | |
| ६१ | | | **पकेट विकास कार्यक्रम** | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.१</td><td>131</td><td>२०७८-३-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पलिकाले बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन गरी भौ.न.131-2078/3/25 बाट देहायका ३ कृषक समूहलाई रु.1065000.00 भुक्तानी गरेको छ। पालिकाले तिन वटा कृषक समूह छनौटको आधार पेश गरेको छैन। गोठ सुधार तथा निर्माण बापत प्रत्येक समूहलाई रु.85000.00 दिएकोमा सो को लागत अनुमान तयार गरेको छैन भने उक्त कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन। प्रत्येक समूहले रु.10000.00 का दरले ६० वटा बाख्रा स्थानीय व्यक्तिबाट खरिद गरेको भनि भरपाई पेश गरेको देखियो। पशु प्राविधिकबाट जात, उमेर, स्वास्थ्य परीक्षण गरेको विवरण खुल्ने प्रमाण कागजात पेश भएको छैन। यसरी स्थानीय स्तरमा नै बाख्रा खरिद तथा विक्रि गरेकोले व्यवसायिक रुपमा उन्नत जातको बाख्रा पालन गर्न अनुदान दिने सरकारको नीति अनुरुप कार्यक्रम संचालन भएको नदेखिएको रु..
<table>
<tr><th>क्र.स.</th><th>कृषक समूह</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>अन्हेरबाट भौसीपालन कृषक समूह</td><td>355000</td></tr>
<tr><td>२</td><td>पशु जिवन महिला कृषक समूह</td><td>355000</td></tr>
<tr><td>३</td><td>पशुपालन महिला कृषक समूह</td><td>355000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1,065,000.00</td></tr>
</table>
</td><td>१,०६५,०००</td></tr>
<tr><td>६१.२</td><td>133</td><td>२०७८-३-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ.न.133-078/3/25 बाट बाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) अन्तर्गत तालिम, औषधी खरिद र घाँसको विउ वितरण कार्यक्रमको लागि कृ.अ. छै.विनोद कुमार लाल कर्णलाई रु.315000.00 भुक्तानी दिएकोमा रु.308086.00 को मात्र विल भरपाई पेश भएकोले बिल भरपाई भन्दा बढी रहेकोले बढी भुक्तानी रु.6914.00 सम्बन्धितबाट असुल गर्नुपर्ने रु........</td><td>६,९१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यस्था छ। पालिकाले वाख्राको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) अर्न्तगत प्राविधिक सहायता वापत मिथिला विहारी बाख्रा पकेट समितिको खातामा रु.120000.00 भुक्तानी गरेको छ। प्राविधिक सहायताबापतको रकम विना आधार समितिको खातामा पठाएको छ भने उक्त रकमबाट के कति काम भयो सो को प्रगति तथा मूल्यांकन प्रतिवेदन पेश भएको छैन। यसरी विना आधार र प्रगति प्रतिवेदन वेगर खातामा भुक्तानी भएको रकम अनियमित देखिएको रु...</td><td>१२०,०००</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>भुक्तानीमा कर कट्टी<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु...................
<table>
<tr><th>गोभौनं./ मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>124-078/3/23</td><td>स्वास्थ्य संयोजक विगुल यादवले स्वास्थ्य सम्बन्धि कार्यक्रमको लागि विभिन्न मितिमा लगेको पेश्की फछ्र्यौट गर्दा खाजा, स्टेशनरी लगायतको खर्च</td><td>557238</td><td>1.5 प्रतिशत</td><td>8358.57</td></tr>
<tr><td>27-077/11/19</td><td>स्वास्थ्य संयोजक विगुल यादवले मासिक सुचना गोष्ठी कार्यक्रमको लागि विभिन्न मितिमा लगेको पेश्की फछ्र्यौट गर्दा खाजा, स्टेशनरी लगायतको खर्च</td><td>197551</td><td>1.5 प्रतिशत</td><td>2973.26</td></tr>
<tr><td rowspan="2">159-078/3/30</td><td rowspan="2">राजेश कुमार यादवको बहुक्षेत्रीय पोषण कार्यक्रम बापत पेश्की फछ्र्यौट</td><td rowspan="2">380000</td><td>१ प्रतिशत</td><td>1200</td></tr>
<tr><td>1.5 प्रतिशत</td><td>1037</td></tr>
<tr><td colspan="3"></td><td>जम्मा</td><td>13,568.83</td></tr>
</table></td><td>१३,५६८.८३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **बहुक्षेत्रीय पोषण कार्यक्रम** | |
| ६३.१ | 83 | २०७८-३-९ | बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत पालिकाले बोका खरिद बापत भौ.न.83-2078/3/9 बाट आदित्य कृषि फर्मलाई रु.400000.00 भुक्तानी गरेको छ। नश्ल सुधारको लागि उन्नत जातको बोका वितरण कार्यक्रमको लागि बोयर जातको १० वटा बोका खरिद गरी ५ वटा बोका वडा नं.1,3,7,8 र ९ का वडा अध्यक्षहरुलाई, २ वटा बोका वडा नं. ४ र ५ का वडा सचिवहरुलाई र बाँकी ३ वटा बोका ३ वटा सहकारीलाई भरपाई गरी वितरण गरेको छ। यसरी वितरण गरेकोबोका मध्ये वडा नं.3 का वडा अध्यक्ष कृष्ण कुमार वसन्तको जिम्मा रहेको बोका रोगको कारण मृत्यु भएकोले बाँकी ९ वटा बोका रहेको भनि पालिकाले जनाएको छ। लक्षित वर्ग छनौट गरी मागमा आधारित भई बोका खरिद गरी लक्षित समुदाय वा वर्गलाई वितरण गरी सो को समुचित सदुपयोग र उचित संरक्षण गर्नुपर्नेमा त्यसो नगरी वडा अध्यक्ष र सचिवहरुलाई वितरण गरेको देखियो। यसरी कार्यक्रमको उद्देश्य अनुरुप लक्षित वर्गलाई वितरण गरि सो को उचित संरक्षण र सदुपयोग गर्नुपर्ने देखिएको रु.. | ४००,००० |
| ६३.२ | 159 | २०७८-३-३० | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम 85(4) मा सार्वजनिक निकायले एक लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ताबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले भौ.न.159-2078/3/30 बाट बहुक्षेत्रीय पोषण कार्यक्रम अर्न्तगत भित्ते लेखन कार्यको लागि राजेश कुमार यादवले लिएको पेश्की रु.380000.00 फस्र्छौट भएकोमा ३० वटा जनचेतनामूलक भित्ते लेखन कार्यको लागि प्रति पेन्ट रु.4000.00 का दरले पेन्टर विकास मण्डललाई रु.120000.00 भरपाई गरि दिएको छ। नियमावली अनुसार तिनवटा दररेट माग गरी कार्य गराउनुपर्नेमा सिधै खरिद कार्य गरेको अनियमित देखिएको रु. | १२०,००० |
| ६४ | | | **सेड निर्माण** | |
| ६४.१ | 179 | २०७८-३-३० | लागत सहभागितामा कृषि उपज संकलन तथा बजार पूर्वाधार निर्माण कार्यक्रम अर्न्तगत पालिकाले भौ.न.179-2078/3/30 बाट बजार सेड निर्माण गर्न हरितारा कृषि सहकारी संस्था लि. लाई रु.2000000.00 अनुदान दिएको छ। सेड निर्माण गर्न उक्त सहकारी छनौट गर्नाको आधार स्पष्ट छैन। सेड निर्माण सम्बन्धमा लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा सेड निर्माण भएतापनि प्रयोगमा ल्याएको पाईएन। गत आ.व.मात्र सेड निर्माण भएको स्थानमा बजार व्यवस्थापनको लागि रु.48 लाख खर्च गरी चौतारा निर्माण तथा हाट लाग्ने स्थानमा पिपिसि ढलान गरेको देखिन्छ। यसरी एउटै स्थानमा एकै प्रयोजनको लागि पटक पटक खर्च गरेको र हालसम्म सेड प्रयोग नभएकोले खर्चको औचित्यता पुष्ठि गरी सेड प्रयोगमा ल्याउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले सेड निर्माण कार्यबापत हरितारा कृषि सहकारी संस्था लि.लाई रु.2000000.00 भुक्तानी गर्दा उपभोक्ताको योगदान रु.352941.00 सहित रु.2352941.00 को कार्यसम्पन्न प्रतिवेदन तयार गरे तापनि उपभोक्ता समितिले रु.2000000.00 को मात्र विल भरपाई पेश गरेको देखियो। उपभोक्ता योगदान बापतको बिल भरपाई पेश नभएको रु.... | ३५२,९४१ |
| ६५ | 20 | २०७७-११-१२ | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले तीनवटा दररेट माग गरी भौ.न.20-2077/11/12 बाट रु.12,74,382.00 का औषधि सौझै खरिद गरेको छ। खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन भने खरिद प्रकृया समेत नियमसम्मत नदेखिएको रु..... | १,२७४,३८२ |
| ६६ | | | **प्रकोप व्यवस्थापन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>औषधिजन्य स्वास्थ्य सामाग्री खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले कोभिड-१९ व्यवस्थापनको लागि निम्न सप्लार्यसबाट स्यानिट्याईजर, मास्क र ह्यान्ड वास लगाएका स्वास्थ्य सामाग्री सोझै खरिद गरेको छ। नियमावली विपरित सोझै खरिद गरेको अनियमित देखिएको छ। खरिद भएका ति सामानहरु मध्ये आषाढमसान्त सम्ममा रु.1454254.00 खपत भै रु.94045.00 मौज्दात रहेको देखिन्छ। यसरी कोभिड १९ प्रकोष व्यवस्थापनको लागि खरिद भएका मध्ये खपत देखाएको रु.१४५४२५४.00 को सम्बन्धमा माग फाराम, वितरणको भरपाई लगायत उपयोग भएको पुष्टि हुने प्रमाण पेश नभएकोले छानविन गरी यकिन हुनुपर्ने रु
<table>
<tr><th>भौ.न./मिति</th><th>सप्लार्यसको नाम</th><th>सामाग्री</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>2-2077/10/18</td><td>माँ जानकी सोप एण्ड केमिकल्स</td><td>स्यानिट्याईजर, ह्यान्डवास</td><td>498992</td></tr>
<tr><td>10-2078/2/25</td><td>राम सर्जिकल हाउस</td><td>मास्क, स्यानिट्याईजर र ह्यान्डवास</td><td>497261</td></tr>
<tr><td>18-2078/3/17</td><td>राम सर्जिकल हाउस</td><td>मास्क, स्यानिट्याईजर र ह्यान्डवास</td><td>175215</td></tr>
<tr><td>19-2078/3/17</td><td>राम सर्जिकल हाउस</td><td>मास्क, स्यानिट्याईजर र ह्यान्डवास</td><td>138831</td></tr>
<tr><td>24-2078/3/30</td><td>मनिषा मेडिकल हाउस</td><td>मास्क, स्यानिट्याईजर र ह्यान्डवास</td><td>238000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>1,548,299.00</td></tr>
</table>
</td><td>१,४५४,२५४</td></tr>
<tr><td>६६.२</td><td>14</td><td>२०७८-३-८</td><td>रेडियो कार्यक्रम संचालन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले भौ.न.14-2078/3/8 बाट त्रित्रेत्र सूचनाको केन्द्र धनुषाधामलाई रेडियो कार्यक्रम संचालन बापत रु.498000.00 भुक्तानि गरेको छ। उक्त रेडियो कार्यक्रम मार्फत के कस्तो सन्देश कहिले प्रशारण भएको हो सो खुल्ने कागजात तथा प्रमाण पेश नभएकोले कार्यक्रम संचालन भएको प्रमाण पेश गर्नुपर्ने रु.....</td><td>४९८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६.३ | 23 | २०७८-३-३० | जे.सि.वि.भाडा भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले भौ.न.23-2078/3/30 बाट अविरल पानीले बाटो अवरोध गरेकोले १३४ घण्टा जे.सि.वि.चलेको भनि प्रति घण्टा रु.2000.00 का दरले महरानीमाई फिक्स ईटाँ उद्योगलाई जे.सि.वि.भाडा बापत रु.302830.00 भुक्तानी गरेको छ। उक्त जे.सि.वि.ले के कति काम गरेको हो सो खुल्ने लगबुक तथा कार्य सम्पन्न प्रतिवेदन समेत पेश भएको छैन। पालिकामा आफ्नै जे.सि.वि. हुदाँ हुँदै अन्यत्रबाट भाडामा लगाई भाडा भुक्तानी गरेको हुँदा उक्त रकम खर्च लेख्ने आदेश दिनेबाट असुल हुनुपर्ने रु....... | ३०२,८३० |
| ६६.४ | 24 | २०७८-३-३० | प्रयोजन नखुलेको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। पालिकाले हे.अ.छैठौ बलराम मण्डललाई भौ.न.24-078/3/30 बाट रु.563040.00 सोधभर्ना भुक्तानी दिएकोमा निजले अनिल स्टोर्सको १७ थान विल बाट रु.380000.000 मुल्यको चामल, ग्यास, मुराई लगायत खाद्यान्न खरिद गरेको उल्लेख छ। उक्त खाद्यान्न कुन प्रयोजनको लागि खरिद गरी को कसले उपयोग गरेको हो सो को प्रमाण पेश नभएको रु. | ३८०,००० |
| ६७ | | | **कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम थप** | |
| ६७.१ | | | कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम थप शिर्षकमा रु. ४००४०००।- बजेट विनियोजन भएकोमा पालिकाले यो वर्ष रु. ३१७९१३१।- खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्न छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्ने र त्यस्तो खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद समय तालिका, खरिद विधि लगायतका बिषय समेत समावेश गर्नुपर्ने ब्यस्था रहेको छ । कार्यालयले निम्नानुसारको मेसिनरी औजार खरिद र कोभिडका सामान खरिद गर्दा प्याकेज तयार नगरी पटक पटक गरी सोझै खरिद गरेको छ । त्यस्ता प्रकृतिको खरिद कार्यहरुको लागी उपयुक्त प्याकेज तयार गरि बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउने तर्फ प्रयास गरेको देखिएन । नियमको व्यवस्था बमोजिम प्रतिस्पर्धा गराइ मात्र खरिद गर्नु पर्दछ । | |

| गो.भौ.नं./मिति | आपूर्तक | खरिद विवरण | खरिद रकम |
|---|---|---|---|
| १०७/०७८/३/२२ | न्यू शुभ लक्ष्मी जेनरल सप्लायर्स | फेस सिल्ड ६५०० थान | ४७४४८७ |
| | -614736313 | | |
| १०८/०७८/३/२२ | राम सर्जिकल हाउस | सेनिटाइजर २२६० थान | ३२५५८१ |
| | -600818469 | इनफ्रेड थर्मोमिटर १४ थान | |
| १०९/०७८/३/२२ | तिलक ट्रेडस | सेनिटाइजर ४२३० थान | ४९९७३८ |
| | -604931115 | | |
| १२०/०७८/३/२२ | रेजा ट्रेडिङ्ग प्रा. लि. | कक्षा १ - १८० थान | २९९४५० |
| | -606635381 | काक्षा २ - १८० थान | |
| | | कक्षा ३ - २०० थान समेत ५६० थान पुस्तक | |
| | | | १५९९२५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७.३ | | | उल्लेखित सामानहरु खरिद गरेर वितरण गरेको भरपाई लेखापरीक्षणमा पेश भएन । सामान्यत उपयोग हुने नगरेको फेससिल्ड समेत खरिद गरेको देखिएको छ। वितरण भरपाई पेश हुनु पर्ने रु. | १,५९९,२५६ |
| ६८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कृषि बाटो निर्माण, पोखरी सरसफाई तथा मर्मत, कुलो पैनि जिर्णोदार कार्य लगायतका २९ कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९४ जनालाई १३३५४ दिन रोजगारी उपलव्ध गराई रु. ७००७१७२।- ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । श्रमिकले दैनिक रु. ५१७ का दरले १३३५४ दिन काम गरे वापतको ६९०१०१८।- को मात्र प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेश भएकोमा बाँकी रु. १०३१५४।- को कार्यसम्पन्न र ज्याला वितरण भरपाई पेश हुनुपर्ने रु. | १०३,१५४ |
| ६९ | | | **सेनिटरी प्याड खरीद** | |
| ६९.१ | 127 | २०७८-३-२८ | सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन शिलबन्दी दरभाउपत्रको माध्यमबाट छनौट गरी एच.के. मल्टी सप्लायर्सलाई गो.भौ.नं. १२७-०७७/३/२८ बाट प्रति प्याड रु. ५८.६७२ (मूअकर वाहेक) का दरले २५३५० प्याकेटको रु. १६,८०,६८८।- (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| ६९.२ | | | कार्यालयले सेनिटरी प्याड खरिदको लागि रु. १७,२४,०००।०० (मू.अ.कर समेत) लागत अनुमान तयार गरेकोमा सोको कुनै आधार खुलाएको छैन । सार्वजनिक खरिद ऐन नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले ऐन नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड २०७८।२।२१ मा खरीद प्रक्रिया सुरु गरी आर्थिक वर्षको अन्तमा २०७८।३।२५ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | |
| ६९.४ | | | कार्यालयले एच. के. मल्टी सप्लायर्सबाट रु. १६,८०,६८८।- मा खरिद गरेका २५३५० थान सेनिटरी प्याड जिन्सी खातामा दाखिला गरेको छैन भने ती प्याडहरु वितरण गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । जिन्सी दाखिला गरी सम्बन्धित विद्यालय मार्फत वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,६८०,६८८ |
| ७० | | | **प्रमाण पेश गर्नुपर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगर स्तरीय योजना अन्तर्गत वडा नं.१० का लागी ४८ थान ९ मिटरको पि.एस.सि. पोल रु ३९९००३।०० मा खरिद गरेको छ। खरिद गरेको पोल लेखापरीक्षण अवधिसम्म प्रयोगमा ल्याएको देखिएन। यसरी खरिद गरी प्रयोगमा नल्याएको ४८ थान पोल जडान गरेको प्राविधिक पुष्टयाई सहितको प्रमाण पेश गर्नुपर्ने..... | ३९९,००३ |
| ७१ | | | **ओभरहेड/मूल्य अभिवृद्धि कर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(4) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम जनसहभागिता अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार उपभोक्ता समितिबाट कार्य गराएकोमा दर विश्लेषण अनुसार Flat Brick Soling Work ,PCC work in १:२:४ PCC work in १:१.५:३ for RCC, १st class Brick masonary work १:४cm र १२.५ mm thick cement plaster १:४ cm कार्यको भुक्तानीमा दर बिश्लेष्ण गर्दा ओभरहेड तथा मूल्य अभिवृद्धि कर समेत समावेश गरी दररेट निर्धारण गरेको र सोहि दररेट अनुसार उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ता समितिलारई ओभरहेड तथा मूल्य अभिवृद्धि कर भुक्तानी गर्न मिल्ने नदेखिएकोले बढि भुक्तानी भएको रु. ३६०९०९५।८९ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु....... | ३,७०८,७८६.३२ |

| भौ. नं. | योगना को नाम | भुक्तानी रकम | आइटम | परिणाम | भुक्तानी हुने दर | भुक्तानी भएको दर | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १० | रामपुकार | ५८१६५५.०० | Flat Brick Soling Work | २२२.२० | ७३८.९० | ८४९.७४ | ११०.८४ | २४६२८.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | यादवको घर देखि सब्बा यादवको घर सम्म पीसीसी ढलान | | 1:2:4 PCC Work | ३३.४४ | ११९०७.९० | १२५५१.७० | १४४३.८० | ४८२८०.६७ | |
| | | | ९ | प्रदिप यादवको घर देखि सबैला जाने बाटो सम्म पीसीसी ढलान | १९३८७७७.०० | 3" Flat Brick Soling Work | ७७६.२१ | ७३८.९० | ८४९.७४ | ११०.८४ | ८६०३५.१२ | |
| | | | | | | 1:2:4 PCC Work | १०९.०८ | ११९०७.९० | १२५५१.७० | १४४३.८० | १५७४८९.७० | |
| | | | ८ | कजराको दिह्बार स्थान देखि बिशेश्वोर यादवको खेत सम्म ग्रावेल | ३५३११८.०० | 60 cm dia, humepipe Np3 Supplying,lying in 1:4 c/m | ४.८० | ७१४५.६१ | ८०७४.५३ | ९२८.९२ | ४४५८.८३ | |
| | | | | | | 90 cm dia, humepipe Np3 Supplying,lying in 1:4 c/m | १२.०० | १३४६०.५४ | १५२०१.४० | १७४०.८६ | २०८९०.३४ | |
| | | | ७ | अधुरो शिव | १०२१८४८.०० | 1:2:4 PCC Work in Foundation | ४.७० | ११९०७.९० | ११८४३.३९ | ७३५.४९ | ३४५६.८० | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मन्दिर निर्माण | | 1:1.5:3 PCC Work For Pillars,Beam,Slabs etc | ४.५० | १३३११.९२ | १४९७५.६८ | १६६३.७६ | ७४८६.९२ | |
| | | | ६ | बिल्टु यादवको घर देखि सेठ पोखरी सम्म पीसीसी ढलान | ९५७४११.०० | 3" Flat Brick Soling Work | ३६७.५० | ७३८.९० | ८४९.७४ | ११०.८४ | ४०७३३.७० | |
| | | | | | | 1:2:4 PCC Work | ५३.७६ | ११२०७.९० | १२५५१.७० | १४४३.८० | ७७६१८.६९ | |
